**ISSN 2505-0974**

# नेपाली टुक्कामा संस्कारसापेक्ष संस्कृति

**डा. रमेश शुभेच्छु**
**उपप्राध्यापक**
**पशुपति बहुमुखी क्याम्पस**
**Email: rshubechchhu11@gmail.com**

**सार**

*नेपाली टुक्कामा संस्कारसापेक्ष संस्कृति' शीर्षकको लेख नेपाली टुक्कामा के कस्तो संस्कार संस्कृतिको प्रभाव छ भन्ने जिज्ञासाको अध्ययनमा आधारित छ । संस्कार भनेको परम्पराको परिष्कृत स्वरुप हो । कुनै परम्परा, प्रचलन, कार्य आदिको परिस्कृत र सुधारिएको अवस्थालाई संस्कारित भनिन्छ । यस दृष्टिले हेर्दा संस्कारले धर्म, परम्परा, चालचलन, विश्वास, लोकविश्वास आदिको परिष्कारसहितको चालचलन भन्ने अर्थ द्योतन गर्दछ । यसले कर्मकाण्डीय रीतिथिति, परम्परा, चालचलनका रुपमा आफ्नो अर्थ स्थिर पनि बनाएको छ । यही संस्कार शब्दले समेट्ने वैदिक, पौराणिक कालदेखि प्रचलनमा रहेको सोह्र संस्कारले नेपाली लोकसाहित्यको टुक्का विधाका सिर्जनामा केकस्तो प्रभाव रहेको छ भन्ने जिज्ञासास्वरूप प्रस्तुत लेख लेखिएको छ । टुक्का लोकअनुभव र लोकजीवनका विविध पक्षबाट खारिएका लघु र लघुतम सिर्जना भएकाले तिनमा संस्कारसापेक्ष संस्कृति रहनु स्वाभाविकै हो । त्यस्तो संस्कृतिको प्रभाव के कस्तो रहेको छ भन्ने जिज्ञासामा आधारित यस लेखमा सोह्र संस्कारलाई आधार बनाइएको छ । सोह्र संस्कारलाई मोटामोटी जन्मपूर्वका संस्कार, जन्म र शैशवकालीन संस्कार, बाल्यकालीन संस्कार, किशोर एवम् युवाकालीन संस्कार, प्रौढ एवम् वृद्धकालीन संस्कार र कीर्तिशेष संस्कार गरी छ खण्डमा वर्गीकरण गरेर सर्वेक्षणात्मक अध्ययन गरिएको छ । यी संस्कारसँग सम्बन्धित टुक्काहरूको सर्वेक्षणात्मक अध्ययन गर्दा नामकरण, व्रतबन्ध, विवाह र मृत्यु संस्कारसापेक्ष सांस्कृतिक टुक्काहरू प्रयाप्त रहेको पाइएको छ । अन्य संसरजन्य टुक्काहरु कम पाइनुले ती संस्कारको प्रचलन पनि कम हुँदै गएको देखिन्छ ।*

**शब्दकुञ्जी** : लोकोक्ति, वैदिक संस्कार, वैदिक संस्कृति, लोकसंस्कृति, लोकविश्वास, लोकमूल्य ।

## विषयपरिचय

'नेपाली टुक्कामा संस्कार संस्कृति' शीर्षकको यस लेखले नेपाली टुक्कामा निहित संस्कारजन्य संस्कृतिको खोजी गरेको छ । टुक्का लोकसाहित्यिक लघु एवम् लघुतम विधा र भाषा व्यकारणको विषय पनि भएकाले यसमा नेपाली समाजका विभिन्न संस्कृति समाहित हुनु स्वाभाविक हो । त्यस्ता संस्कृतिमध्ये जन्मपूर्वदेखि मृत्युपर्यन्त प्रचलनमा रहेका संस्कार संस्कृतिको प्रभाव के कस्तो छ ? भन्ने पक्षको अध्ययनमा यो लेख केन्द्रित रहेको छ । नेपाली टुक्काको सङ्कलन, सम्पादन, वर्गीकरण र मोटामोटी अध्ययन भएकै देखिन्छ । त्यस परम्परामा सामाजिक सांस्कृतिक टुक्का भनेर वर्गीकरण गर्ने परम्परा बढी देखिन्छ । त्यसरी सांस्कृतिक टुक्काको सामान्य अध्ययन हुँदै आएको भए पनि नेपाली टुक्काले बोकेका संस्कारजन्य संस्कृतिसापेक्ष चिन्तनको मसिनो अध्ययन हुन नसकेको सन्ददर्भमा संस्कारकेन्द्रित टुक्काको सर्वेक्षण गरी तिनले संस्कारलाई बचाउन खेलेको भूमिकाको पहिचानमा यो लेख केन्द्रित रहेको छ । नेपाली टुक्काले संस्कारसापेक्ष संस्कृतिका कुन कुन पक्षलाई आफ्ना संस्कृतिमा अटाएका छन् ? तिनको प्रभाव र संरक्षणको अवस्था के कस्तो छ ? भन्ने खोज गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । यस अध्ययनमा नेपाली भाषामा उपलब्ध खास खास टुक्का कोशहरूमा रहेका संस्कारजन्य टुक्काको खोजी र तिनको सांस्कृतिक मूल्य प्रकटीकरणलाई मूल समस्या बनाई त्यसको निरूपण गरिएको छ ।

प्रस्तुत अध्ययनमा पुस्तकालयलाई मुख्य अध्ययनको आधार बनाई प्राथमिक एवम् द्वितीयक सामग्री सङ्कलन गरिएका छन् । केही केही टुक्काहरू समाजको प्रचलनको अनुगमनबाट पनि टिपिएका छन् । यसरी सङ्कलित सामग्रीलाई व्याख्यात्मक एवम् विश्लेषणात्मक विधि अवलम्बन गरी मूलतः संस्कृति र त्यसमा पनि संस्कारजन्य संस्कृतिसापेक्ष सामग्रीको मात्र अध्ययन गरिएको छ । यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा पुष्करशमशेरको *नेपाली उखान टुक्काको कोश* (२०५० तेस्रो संस्क.), पुष्करशमशेर ज.ब.रा.को *नेपाली उखान र टक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश, वाक्पद्धति इत्यादिको कोष* (खण्ड २, १९९८) । हीराबहादुर खड्काको *नेपाली उखान टुक्का* (तेस्रो संस्क. २०६१) लाई र अन्य लोकसाहित्यका कृतिमा उपलब्ध संस्कारसापेक्ष टुक्कालाई लिइएको छ । त्यस्तै लोकसमाजमा प्रचलित केही टुक्कालाई सङ्कलन गरी यादृच्छिक रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा द्वितीयक स्रोतका सामग्रीका रूपमा टुक्काविषयक अध्ययन, वर्गीकरण समीक्षा गरिएका पूर्वकार्यगत सामग्रीको र सैद्धान्तिक उपयोगका लागि लोकसाहित्य, भाषाविज्ञान एवं व्याकरण संम्बद्ध कृतिका साथै साहित्य सिद्धान्त संम्बद्ध सामग्रीको उपयोग गरिएको छ ।

सर्वेक्षणात्मक विधिबाट टुक्काहरू सङ्कलन गरिएको गुणात्मक प्रकृतिको यस अध्ययनमा सोद्देश्य नमुना छनोट पद्धतिका आधारमा टुक्काहरूको उद्धरण र विश्लेषण गरी अध्ययनलाई विश्वसनीय बनाइएको छ । यस अध्ययनमा ऐतिहासिक अध्ययनविधिका आधारमा सोह्र संस्कारमा पर्ने गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, छैठी, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, विद्यारम्भ, वेदारम्भ, कर्णवेध, यज्ञोपवीत, केशान्त, समावर्तन, विवाह, अन्त्येष्टि आदि संस्कारलाई आधार मानी तिनको मोटामोटी वर्गीकरग गरी सोहीअनुसार अध्ययन गरिएको छ । यी संस्कारजन्य अध्ययनका लागि खासखास संस्कारगत छ वटा समूह बनाई सोहीअनुसार निष्कर्ष निकालिएको छ ।

**सैद्धान्तिक आधार**

प्रस्तुत अध्ययन लोकसाहित्यिक विधा टुक्काको संस्कारसम्बद्ध संस्कृतिका आधारमा अध्ययन गरिने गरी तय भएको हुँदा अन्तरविषयक अध्ययन बन्न पुगेको छ। टुक्का पदावली तहमा सिर्जना भएको हुन्छ र यसमा रहेका पदहरूको नित्य सन्निध रहन्छ (बन्धु, २०५८, पृ. ३५०) । टुक्काहरू भाषिक, व्याकरणिक पक्षका साथै लोकसाहित्यिक विधा पनि हो (लामिछाने, २०७७, पृ. ४९६) । यस अर्थमा टुक्काका कोणबाट संस्कारको र संस्कारका कोणबाट टुक्काको अध्ययन गर्न सकिने देखिन्छ । लोकसंस्कृतिकै एउटा विधाका रूपमा लोकसाहित्यलाई मान्दा र त्यसको उपविधाका रूपमा टुक्कालाई मान्दा यो स्वविषयक अध्ययन पनि हो ।

सांस्कृतिक संस्कारको कोशीय र व्यवहारिक अर्थ संस्कारजन्य संस्कृति, संस्कारसंम्बद्ध संस्कृति भन्ने हुन्छ। यस अध्ययनमा उपयोग गरिएको संस्कार संस्कृति पदावलीमा 'संस्कार' र 'संस्कृति' दुई पदहरू रहेका छन्। यी दुई पदमध्ये पहिलो पद 'संस्कार' को अर्थ वैदिक विधिविधानअनुसार गरिने सोह्र संस्कार भन्ने बुझिन्छ। यसको सामान्य शाब्दिक अर्थ रहनसहन, मर्यादा, सम्पर्क, शिक्षादीक्षा आदिका माध्यमबाट मानव मनमा बन्ने खास धारणा र गर्ने व्यवहार भन्ने हुन्छ। यस पदलाई नेपाली कथ्य भाषामा कर्मकाण्ड, सांस्कृतिक विधि, सामाजिक विश्वास पनि भन्ने गरिन्छ। सांस्कृतिक अध्ययनसापेक्ष अर्थका आधारमा यो संस्कार, संस्कृति र लोकसाहित्यका बिचको अन्तरविषयक अध्ययन हो ।

संस्कारसम्बन्धी चिन्तन मानव विकासको क्रममा क्रमशः विकसित हुँदै स्थापित बनेको हो । तिथिमिति तोक्न नसकिए पनि मानवले जहिदेखि आफ्ना जन्मदेखि मृत्युसम्म के गर्ने भन्ने चिन्तन गर्न थाल्यो र केही व्यवहारलाई स्थिर रूपमा प्रयोग गर्‍यो त्यहाँदेखि अगाडि आयो भन्न सकिन्छ । नेपाली संस्कृतिका क्षेत्रमा प्रयोग हुने विविध शब्दहरू टुक्काका रूपमा सिर्जनात्मक विकास भएका र टुक्का भण्डारमा सुरक्षित रहेका देखिन्छन् । त्यस्ता संस्कारहरू सोह्रसंस्कारमा पर्ने गर्भाधान, जन्म, नामकरण, चूडाकर्म, ब्रतबन्ध, विवाह, मृत्यु आदि संस्कार र अन्य सांस्कृतिक चाडपर्व र तिनका विधिविधानसम्बन्धी प्रशस्त मात्रामा देखिन्छन् । संस्कारसंम्बद्ध टुक्काहरू प्राय अगति, अन्तय, किरिया, खाँडो, गति, चिता, चिहान, छैठी, जनै, जन्म, पतीया, पिण्ड, पितृ, विहा, भिख, सन्यास हिरन जस्ता क्षेत्रसँग संम्बद्ध देखिन्छन् ( घिमिरे, २०७०, पृ. १४३) । यी संस्कारसंम्बद्ध टुक्काहरूका साथै अन्य कतिपय संस्कारसँग संम्बद्ध शब्दहरू समय क्रममा टुक्का बनेर सुरक्षित रहेको देखिन्छ । आज कतिपय टुक्कामा रहेको सांस्कृतिक चेत लोकसमाजमा सरक्षित नरहेको पनि पाइएको छ ।

वेद, पुराण, स्मृतिग्रन्थहरूमा संस्कारसम्बन्धी विभिन्न मत रहेका छन् । ती मतमध्ये धेरैले *ऋग्वेद*का ऋचामा रहेका वैदिक मतलाई मूल आधार मानी अगाडि सारेका छन् । त्यसरी वैदिक मतलाई अगाडि सारिए पनि संस्कार पदको विकास उपनिषद् कालपछि मात्र भएको पाइन्छ (प्रभात, २०७४, पृ. ४६१) । उपनिषद् र त्यसपछिका स्मृतिग्रन्थ, कर्मकाण्ड पद्धतिका ग्रन्थका विमर्शबाट संस्कार संस्कृति भनेको देखिन्छ । संस्कार संस्कृति भन्नाले व्यक्तिले जन्मदेखि मृत्युसम्म गर्ने समग्र विधिविधान र त्यससँग जोडिएका संस्कृति भन्ने बुझिन्छ । बुद्धमार्गीहरूले भने कायिक, वाचिक र मानसिक गरी तीन वटा संस्कारको चर्चा गर्ने गरेको पाइन्छ तर हिन्दू धर्मावलम्बीहरूले फरक ढङ्गले जन्मपूर्वदेखि मृत्युपर्यन्तसम्मका संस्कारहरूलाई जोडी समग्र संस्कारलाई सोह्र संस्कारका रूपमा चिनाएको देखिन्छ । यी संस्कारहरू समय क्रममा केही हराउँदै र केही नयाँ बन्दै पनि गएका छन् । नेपाली लोकसंस्कृतिको सूत्रअभिव्यक्ति मानिने टुक्का विधामा संस्कार संम्बद्ध सिर्जनाको अवस्था के कस्तो छ ? भनेर नेपाली टुक्काको अनुगमन गर्दा मोटामोटीमा संस्कारसमर्थित, संस्कारद्वेषी र नवसंस्कृति निर्माणसापेक्ष टुक्काहरू फेला पर्दछन् । नेपाली टुक्काले समेटेको यस्तो तीन किसिमको संस्कारजन्य संस्कृति क्षेत्रमध्ये संस्कार समर्थित टुक्का केन्द्रित बनाइएको छ । टुक्काले लक्ष्यार्थप्रधान अर्थ प्रवाह गर्ने भएकाले तिनको छनोट पनि कठिन हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ५३३-५३४) । यस कठिन पक्षलाई पनि ध्यानमा राखी अध्ययनलाई संस्कारद्वेषी टुक्का र नवसंस्कृतिका टुक्का नभई मूलतः संस्कारसमर्थित टुक्काको छनोट गरी तिनैलाई उमेरअनुसार फरक फरक छ वटा आधार समूहमा वर्गीकरण गर्दै सोहीअनुसार प्रस्तुत गरिएको छ । ती छवटा आधारसमूहहरू जन्मपूर्वका संस्कारजन्य, जन्म एवम् शैशवकालीन संस्कारजन्य, बाल्यकालीन संस्कारजन्य, किशोर एवम् युवाकालीन संस्कारजन्य,

प्रौढ एवम् वृद्धकालीन संस्कारजन्य र मृत्युसंस्कारजन्य गरी वर्गीकृत रूपमा सर्वेक्षण र अध्ययन गरिएको छ । टुक्का लोकसाहित्यिक विधा भए पनि यसको रचना लोकसमाजले गर्ने भएकाले यसको संस्कार संस्कृतिको प्रभाव लोकसमाजमा के कस्तो छ भन्ने थाहा पाउन सहयोग पुग्ने देखिन्छ ।

**विमर्श र परिणाम**

टुक्का लोकसाहित्यका लघु र लघुतम संरचना हो । लघु र लघुतम संरचनामा रहेर पनि नेपाली समाज र संस्कृति निर्माण र विघटनका अनुभवले खारिएका अभिव्यक्तिका रूपमा हरेक टुक्का आफैमा पूर्ण देखिन्छ । यिनमा प्रशस्त मात्रामा विषय र विम्बका रूपमा सांस्कृतिक विषयवस्तु रहेको पाइन्छ । ती संस्कार समर्थित वा संस्कारका खास खास मूल्यलाई बोक्ने टुक्काका अध्ययनका क्रममा जन्मपूर्व, जन्म र जीवनसँगै मृत्युसंस्कार जस्ता मूल तीन वटा बुँदामा केन्द्रित रही संस्कारसापेक्ष सांस्कृतिक मूल्यका टुक्काको सर्वेक्षणात्मक एवं विश्लेषणात्मक अध्ययनमा यो लेख केन्द्रित छ । सरसरती हेर्दा नेपाली समाज विविध संस्कृतिको मिश्रण रहेको समाज हो । यो समाज संस्कृतिअनुसारका फरक फरक जन्मदेखि मृत्युसम्मका र मृत्युपर्यन्त संस्कारहरू रहेको समाज पनि हो । यस समाजमा रहेका संस्कृतिलाई झल्काउने र त्यसमा पनि संस्कारजन्य टुक्काहरू यस अध्ययनका मूल विषय हुन् । संस्कारका सकारात्मक पक्ष र कर्तव्यका पक्षलाई सङ्केत गर्ने टुक्काहरू संस्कारसमर्थित टुक्का हुन् । धर्म, सामाजिक एवं लोकसंस्कृति र सामाजिक स्वीकृतिअनुसारका संस्कारविषयक टुक्कालाई यस अध्ययनमा समेटिएको छ ।

मानव जीवनलाई अझ उन्नत, अझ विकसित, सुसंस्कारित बनाउन संस्कारहरूको विशिष्ट महत्त्व हुन्छ । संस्कारमा मानवको शारीरिक मानसिक तथा आत्मिक उन्नतिका लागि जन्मदेखि मृत्युपर्यन्तका खास खास समयमा विविध विधिविधानजन्य संस्कारको व्यवस्था गरिएको देखिन्छ । संस्कारको विषयमा वैदिक वाङ्मयदेखि नै चर्चा हुँदै आए पनि आचार्य मनुको पालादेखि अलि नियमित अभिलेखन र चर्चा परिचर्चा एवं प्रयोग भएको पूर्वीय वाङ्मयिक इतिहास रहेको छ । नेपाली लोकसमाजमा संस्कृत कालदेखि प्रचलनमा रहेको *मनुस्मृति*को एउटा प्रचलित श्लोकको अशं यस्तो छ :

निषेकादिश्मशानान्तो मन्त्रैर्यस्योदितो विधि ॥

(मनुस्मृति, २ : १६)

यस चिन्तनअनुसार मानिसको शरीर र आत्मालाई उत्तम बनाउन गर्भाधाव गर्भाधानदेखि श्मशानान्त अर्थात् अन्त्येष्टिपश्चात शरीरको विधिपूर्तवक दाह गर्नेसम्मका १६ संस्कार रहेका छन् । जन्मपूर्वको प्रथम संस्कार गर्भाधान सस्कार हो । मातापिताको वीर्य एवं गर्भाशयका दोषहरू गर्भाधानादि संस्कारद्वारा हटाउन सघाउँने हुँदा गर्भाधान संस्कारले पनि शरीरलाई शुद्धि प्रक्रियामा लैजान्छ । मनुले संस्कारसापेक्ष यज्ञ, व्रत आदिका माध्यमबाट मानव शरीर र आत्मालाई शुद्ध बनाउँदै ब्रह्म सामर्थ्य प्राप्तिका लागि योग्य बनाउन सकिने विचार राखेका छन् (मनस्मृति, २ : १६) । यस दृष्टिले संस्कारले मानव जीवनलाई संस्कारित र सभ्य बनाउँछ भन्ने बुझिन आउँछ ।

दयानन्द सरस्वतीले *संस्कारविधि* नामक ग्रन्थबाट यस विषयमा अझ प्रस्ट पारेका छन् - 'जे गर्दा शरीर र आत्मा सुसंस्कृत भएर धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुन सक्दछ र सन्तान योग्य हुन्छ, यसैले गर्दा संस्कारहरूलाई गर्नु सबै मनुष्यहरूका लागि उचित छ (सरस्वती, सन् १९९१, पृ. २ ) । संस्कारहरूले संस्कारितलाई पवित्र तथा असंस्कृतलाई अपवित्र भनिन्छ । शिक्षा तथा औषधीहरूले सुखवर्द्धक संस्कार गर्नका लागि बुद्धिमान्हरूले सधैं उद्यम गर्नुपर्दछ । यस सम्बन्धमा एउटा लोकप्रचलित संस्कृत श्लोक यस्तो छ :

गर्भाधाना पुंसवनस्सीमन्तो वैष्णवोबलिः ।
जातकं नाम निष्क्रामोन्नप्राशनं चोलकर्म च॥
उपनीती महानाम्नी महाव्रतमनुत्तमम् ।
उपनिषच्च गोदानं समावार्तनमेव च ।
विवाहश्चेति संस्कारा षोडशैताः प्रकीर्तिताः ।। (अज्ञात)

यस श्लोकका अनुसार १. गर्भाधान, २. पुंसवन, ३. सीमन्तोन्नयन, ४. जातकर्म, ५. छैठी, ६. नामकरण, ७. निष्क्रमण, ८. अन्नप्राशन, ९. चूडाकर्म, १०. विद्यारम्भ, ११. कर्णवेध, १२. यज्ञोपवीत, १३. केशान्त, १४. समावर्तन, १५. विवाह र १६. अन्त्येष्टि सोह्र संस्कार हुन् । यसलाई प्रायः धर्म र संस्कार ग्रन्थहरूले चर्चा गर्दै आएका छन् । यी संस्कारको क्रम, नाम र विधिमा सबैमा यीमध्ये केही संस्कार लोप हुने क्रममा रहेर मोटामोटी नामकरण, यज्ञोपवीत अर्थात् व्रतबन्ध, विवाह र मृत्यु संस्कार बढी प्रचलित छन् । अन्य संस्कार प्रचलनमा कम रहे पनि तिनमा आधारित लोकोक्ति र टुक्काहरू लोकसाहित्यका भण्डारमा सुरक्षित छन् र संस्कारजन्य संस्कृतिको अध्ययनको सामग्री बनेर रहेका छन् । संस्कार प्रक्रियाका दृष्टिले हेर्दा सोह्र संस्कार हिन्दूप्रधान जस्तो पनि देखिन्छ तर यी संस्कारहरू नेपाली समाजमा मिश्रित रूपमा उपयोग भएका देखिन्छन् । *मनुस्मृति*मा द्विज जातिहरूले वैदिक कर्मद्वारा गर्भाधानादि शरीरको संस्कार

गर्नुपर्ने, त्यस्तो संस्कार गरेमा यो लोक र परलोक दुवैका पाप नाश हुने विचार रहेको छ (मनुस्मृति, पृ.२६) । यस विचारको बीज वेद र यसको विकास क्षेत्र उपनिषद्, स्मृतिग्रन्थ, पुराण हुँदै लोकसमाज रहेको बुझिन्छ । त्यसैले लोक समाजमा सन्तान प्राप्तिका योजना र प्रयत्नदेखि विभिन्न संस्कारहरूको प्रचलन र प्रसङ्ग प्रबल पाइन्छ । यस्ता संस्कारहरूलाई मोटामोटी जन्मपूर्वका संस्कार, जन्म एवम् शैशवकालीन, बाल्यकालीन, किशोर एवम् युवाकालीन, प्रौढ एवम् वृद्धकालीन संस्कार र कीर्तिशेष संस्कार (मृत्युसंस्कार) गरी मोटामोटी छ भागमा विभाजन गरी अध्ययन गर्नु सान्दर्भिक हुने ठानी यहाँ सोहीअनुसार अध्ययन गरिएको छ ।

**जन्मपूर्वका संस्कार**

नेपाली लोकसमाजमा वैदिक कालदेखि नै मनिस जन्मनुपूर्व नै सम्पन्न गरिने केही संस्कारहरू रहेका छन् । जन्मपूर्वका संस्कारमा गर्भाधान, पुंसवन र सीमन्तोन्नयन गरी तीनवटा संस्कार पर्दछन् । यी संस्कारका आआफ्नै विधिविधान रहेका छन् । यहाँ यी संस्कारलाई एउटै डालामा राख्नुको कारण नेपाली टुक्काहरूको अध्ययन गर्दा जन्मपूर्वका, जन्मपछि अन्नप्रासनसम्मका विषयमा केन्द्रित टुक्काको निर्माण उति भेटिँदैनन् र तिनलाई एकै ठाउँमा अध्ययन गर्नु उपशीर्षकगत अध्ययनका लागि सान्दर्भिक हुने मानिएको छ ।

जन्मपूर्वका संस्कारमध्ये गर्भाधान संस्कार उत्तम सन्तान प्राप्तिका लागि गरिने पहिलो संस्कार हो । संस्कारका दृष्टिले ऋतुदानको समय १६ दिनमा, पहिलेका चार दिन निन्दित मानिन्छन्, त्यसैगरी ११ र १३ औं रात्रि पनि निन्दित मानिएका छन् । पौर्णमासी, चतुर्दशी वा अष्टमी यी रात्रिलाई पनि छोडी गर्भाधान गर्नु भन्ने मत रहेको छ (सरस्वती, सन् १९९१, पृ.२५-२६) । बाँकी रहेका १० रात्रिमा वीर्य निषेचनद्वारा गर्भस्थापना गर्नु गृहस्थाश्रमको पहिलो कर्तव्य हो भन्ने पाइन्छ । पुत्र वा पुत्री जुन चाहेको हो सो प्राप्त गर्ने विधिविधानसमेत बताइए पनि बुद्धिमान्, निरोगी स्वस्थ शिशु प्राप्तिमा बढ्ता जोड दिइएको पाइन्छ ।

गर्भाधान संस्कारलाई लोकसमाजले अश्लीलतासँग जोडेर, लज्जासँग जोडेर वेवास्ता गरेको र साँच्चै सन्तान भएनन् र नवजोडीले सन्तानको चाहना राखे भने ठुलो कार्यका रूपमा हेर्ने गरेको पाइन्छ । यो संस्कार वास्तवमा दिव्य आत्माहरूलाई जन्म दिनका लागि भूमि तयार गर्नु हो भन्ने शास्त्रीय मत रहेको छ (सरस्वती, सन् १९९१, पृ.२५-२६) । यसलाई पवित्रतासँग जोड्दै सन्तुलित शाकाहारी भोजन र स्त्रीपुरुषको प्रसन्न मनःस्थितिले शिशुको विकास र भविष्य निर्माणमा महत्त्व राख्ने संस्कार क्रियाका रूपमा बताइएको छ । रजस्वला भएको एघारौं, तेह्रौ दिन र खास खास तिथि (८, १४, १५, ३०), आमाबुबाको श्राद्धतिथि, रातको पहिलो चौथो प्रहर छोडेर जुठो सूतक नपरेको वेलामा कुलाचारअनुसार पूजा आदि गरेर विजोर राती (१५, १७) छोरी र जोर राती (१४, १६) छोराको लागि गर्भाधान गरिन्छ भन्ने विश्वास रहिआएको छ (दाहाल, २०७०, पृ. ८१) यस विषयको ज्ञान सबैलाई नहुने र सन्तान प्राप्ति भए पनि संस्कारी नहुने लोकविश्वास रहेको छ । यस्ता केही सांस्कृतिक विश्वाससंम्बद्ध टुक्काहरू यसप्रकार टिपोट गर्न सकिन्छ :

कोख खुल्नु
कोख बस्नु
खोख भरिनु
कोख भिर्नु
कोख राम्रो हुनु
गर्भको कुरा
गर्भमा रहनु...
वीर्य दान गर्नु आदि ।

मानव जीवनका जन्मपूर्वका संस्कारमध्ये गर्भाधानसँग सम्बन्धित उक्त टुक्काले गर्भावस्थाका विषयमा केही न केही विषयगत र बिम्बात्मक अर्थ वहन गरेका छन् । कोख खुल्नु, कोख बस्नु, कोख भरिनु, गर्भ रहनु भन्ने अर्थ प्रवाह गर्ने टुक्काहरू गर्भाधान संस्कारसंम्बद्ध रहेका छन् । यिनले गर्भाधान संस्कारसंम्बद्ध कृत्य र लक्षणलाई देखाएका छन् । गर्भलाई कोख, पेट, पाठेघर आदि पनि भनिन्छ । 'कोख राम्रो हुनु' टुक्काले कोख गर्भाधान योग्य हुनु भन्ने अर्थ राख्छ । त्यस्तै 'गर्भको कुरा' टुक्काले गर्भ के हुन्छ भनेर यसै भन्न सकिँदैन भन्ने अर्थ बोक्छ र यसले लुकाइएको अर्थ भन्ने अन्य लाक्षणिक अर्थ पनि दिन्छ । 'गर्भमा आउनु', 'गर्भमा रहनु' 'गर्भ बस्नु' 'गर्भाधान गर्नु', 'गर्भ दान गर्नु' जस्ता टुक्काले गर्भमा सन्तान रहनु वा सन्तान रहने क्रिया आरम्भ हुनु वा सन्तान सुख चाहने बाबुआमाले गर्भाधान प्रक्रिया गर्नु भन्ने अर्थ द्योतन गर्दछन् । 'गर्भमा हुनु', 'गर्भमा बस्नु' जस्ता टुक्काले गर्भाधान प्रक्रिया पूरा भई सन्तान गर्भमा आएको वा रहेको सङ्केत गर्दछन् । 'गर्भे शान्ति' टुक्काले गर्भको वा पाठेघरको माग पूरा भएको अर्थ द्योतन गर्दछ र गर्भको शिशुका लागि गरिने शान्तिप्रक्रिया भन्ने अर्थ पनि दिन्छ । यस आधारमा हाम्रा लोक समाजमा गर्भाधानसम्बन्धी टुक्काहरू रहेका छन् भन्ने देखिन्छ ।

केही अशुभ अर्थ दिने र केही व्यङ्ग्यार्थप्रधान टुक्काहरू पनि गर्भाधान संस्कारसंम्बद्ध देखिन्छन् । 'गर्भे टुहुरो' टुक्काले गर्भमा रहँदै गर्भ दान गर्ने पिताको निधन भएको शिशु भन्ने अर्थ दिन्छ । 'पुत्रेष्ठी गर्नु, 'पुत्रेष्ठी यज्ञ गर्नु' जस्ता टुक्काको अर्थ पुत्र (सन्तति) प्राप्तिका लागि गरिने सन्तानहीन पितामाताले गर्ने धर्मकर्म वा यज्ञ भन्ने अर्थ दिन्छन् । यी टुक्काको अर्थ सन्तान प्राप्तिको कामना र क्रिया भन्ने हुन्छ । 'जोर रात' र 'बिजोर रात' जस्ता टुक्काले पितामाताको छोरा वा छोरी कसको चाहना राखेका छन् भन्ने अर्थलाई गर्भाधानसँग जोडेर द्योतन गर्दछन् । जोर रातमा गर्भ बसे छोरा र विजोर रातमा गर्भ बसे छोरी हुने विश्वासअनुसार 'जोर कि बिजोर' भन्ने टुक्का पनि नेपाली समाजमा प्रचलित देखिन्छ । 'बाली लाउन्', 'बाली लाग्नु' 'भुँडी बोक्नु' 'वीर्य दान गर्नु' जस्ता टुक्काले गर्भाधान प्रक्रियालाई नै बुझाउँछन् । त्यसै गरी 'कोख राम्रो हुनु' कोख सप्रनु' कोख खुल्नु' जस्ता टुक्काले गर्भ सुरक्षित रहनु, सन्तुलित ढङ्गले भ्रूणको विकास हुनु भन्ने पक्षलाई नै देखाउँछन् । गर्भाधान संस्कारसंम्बद्ध केही टुक्काहरू अनिश्चिततासँग पनि जोडिएर रहेका छन् । 'गर्भको कुरा' 'गर्भावस्था' जस्ता टुक्का तिमी गर्भमा हुँदाको कुरा भन्ने अर्थमा आमा र बालबच्चा वा सम्बन्धित शिशु गर्भमा हुँदाको अवस्थालाई बुझाउन सहायक बन्ने देखिन्छ । प्रायः यी टुक्काले गर्भाधान प्रक्रिया सफल हुनुलाई बुझाएका छन् । 'गर्भे शान्ति' टुक्काले एकातिर गर्भमा हुने शिशुको शान्ति कामना भन्ने बुझाउँछ भने अर्कातिर गर्भमा वीर्यको सेचन भन्ने व्यङ्ग्य अर्थ पनि प्रकट गर्दछ । 'गर्भे टुहुरो' टुक्काले आमाका गर्भमा रहँदै बाबु मरेको, भ्रूणावस्थामै पिताका तर्फबाट टुहुरो बनेको बालकलाई नै चिनाउँछ र उसप्रति लोकको माया आवश्यक रहेको पनि सङ्केत गर्छ । त्यस्तै 'भुँडी बोक्नु', 'पाप बोक्नु', 'पेटमा किरा पर्नु' जस्ता टुक्काले केही व्यङ्ग्यार्थमा र केही अश्लील हर्कत गरेर गर्भ रहने अवस्थालाई जनाउँछन् । यी र यस्ता टुक्काहरू नेपाली लोक समाजमा प्रशस्त मात्रामा भेटिन्छन् । यसबाट नेपाली लोकसमाज गर्भाधान संस्कार विधिपूर्वक गर्ने नगरे पनि यस संस्कारसँग परिचित छ भन्ने बुझिन्छ ।

जन्मपूर्वको अर्को संस्कार पुंसवन संस्कार हो । गर्भस्थ शिशुको बौद्धिक एवं मानसिक विकासका लागि गर्भ रहेको दोस्रो या तेस्रो महिनामा गरिने द्वितीय संस्कारका रूपमा यस संस्कारलाई चिनिन्छ । *गोभिलीय* र *सौनक गृहसूत्र*मा पनि यज्ञ गर्ने विधिविधानसँगै बरको कोमल पात र गुर्जो मसिनो गरी पिसेर कपडामा छानेर गर्भिणीको दायाँ नाकमा सुघाउने, गुर्जो खान दिने, ब्राह्म्यो (घोडताप्रे) खान दिने विधान पनि रहेको पाइन्छ । सम्भवतः त्यही विधि विधानअनुसार होला लोक समाजमा केही उखान र केही टुक्काहरू गुर्जो, ब्राह्मी, वर आदिसँग सम्बन्धित छन् (सरस्वती, सन् १९९१, पृ.३८) । यस संस्कारसंम्बद्ध कम मात्र टुक्काहरू प्रचलन र प्रयोगमा छन् । जस्तै :

कानमा गुर्जो,
कानको ओखती
घोडताप्रेको फूल
घोडताप्रे बाँध्नु
पेटको ओखती कानमा
नाइटाको ओखती कानमा आदि ।

उक्त टुक्काहरूले प्रस्ट रूपमा पूसवनसंस्कारसापेक्ष संस्कृतिकै विषयमा नभए पनि केही मात्रामा नेपाली समाजमा प्रचलित जन्मपूर्वका संस्कारलाई सङ्केत गरेको देखिन्छ । 'कानमा गुर्जो, 'कानको ओखती' जस्ता टुक्काले कानमा गुर्जो लगाउने विधिलाई देखाउँछन् र व्यर्थको ओखती भन्ने अर्थ द्योतन गर्दछन् । 'घोडताप्रेको फूल' र 'घोडताप्रे बाँध्नु' जस्ता टुक्काले परोक्ष रूपमा यही संस्कारलाई सङ्केत गरेको देखिन्छ । 'पेटको ओखती कानमा' र 'नाइटाको ओखती कानमा' जस्ता टुक्काले अनावश्यक औषधी प्रयोगको सोझो अर्थ र सांस्कृतिक रूपमा बालकको बौद्धिक विकासमा सहयोग पुर्‍याउने लोकउपचार, विधि, संस्कृति पद्धतिलाई पनि देखाउँछन् । नेपाली लोकसमाजमा प्रायः पुंसवन संस्कार गर्ने विधि नरहेकाले र रहे पनि गोप्य रूपमा सम्पन्न गरिने हुनाले यस्ता संस्कारसापेक्ष टुक्काहरू धेरै नभएका हुन सक्छन् ।

सीमन्तोन्नयन संस्कार जन्मपूर्व गरिने अर्को संस्कार हो । सीमन्त शब्दको अर्थ मस्तिष्क र उन्नयन शब्दको अर्थ विकास हो । आमालाई प्रसन्न चित्त राख्न, गर्भस्थ शिशु स्थिर उत्कृष्ट अनि सौभाग्यले सम्पन्न होस् भनेर गर्भाधानको आठौँ महिनामा शिशुको शारीरिक विकास राम्रो भइसकेपछि गर्भमा छँदै गरिने तृतीय संस्कारका रूपमा यो संस्कार परिचित छ । यसलाई लोकसमाजमा गर्भवती महिलाले विशेष साइतमा सिउँदो कोर्ने संस्कारका रूपमा जीवित राखेको देखिन्छ । यस संस्कारलाई सम्पन्न गर्नका लागि यज्ञमा खिचडीको आहुती दिनु पर्ने, बचेको खिचडीमा घिउ हालेर गर्भिणीले आफ्नो प्रतिबिम्ब हेर्नुपर्ने विधि रहेको छ । गर्भवतीले आफ्नो प्रतीविम्ब हेरेको समय पतिले पत्नीलाई "किं पश्यसि?" भनेर सोध्ने र गर्भिणी पत्नीले उत्तर दिँदा -"प्रजां पश्यामि" भनेर दिने र बचेको खिचडी गर्भिणीले खानुपर्ने परम्परा रहेको छ ( सरस्वदी, सन् १९९१, पृ. ४१-४२) । यस विषयमा लोक समाजले आज पनि आंशिक जानकारी राखेको र केही आफ्नै मौलिक विधिविधान गर्दै आएको पाइन्छ । यस संस्कारलाई जोड्ने केही टुक्काहरू नेपाली टुक्का भण्डारमा भेटिन्छन् । जस्तै :

खिचडी खानु,

खिचडी बाँड्नु
सिउँदो कोर्नु
सिउँदो हेर्नु
ऐना हेर्नु आदि ।

खिचडी खानु र खिचडी बाँड्नु टुक्काले उति धेरै अर्थ राख्दैनन् । 'सिउँदो कोर्नु' र सिउँदो हेर्नु' , ऐना हेर्नु जस्ता टुक्का सोझो अर्थमा विवाह र सिँदुर लगाउने प्रक्रियासँग निकट जस्ता लाग्छन् । आजभोलि सिमन्तोन्नयन संस्कार चाहिँ गर्भिणीलाई दहिचिउरा खुवाउने संस्कृतिका रूपमा विकास भइरहेको छ । यसले क्रमशः खिचडी खानु नभई दहिचिउरा खानु र दहिचिउरा खुवाउनु जस्ता नामबाट स्वरूप बदलेको देखिन्छ । दही चिउरा संस्कृ भारतको गर्मी ठाउँको संस्कृतिका रुपमा विकास भएको छ त्यसका ठाउँमा गर्भवती नारीका लागि खिचडी खाने संस्कृतिको पुनर्जागरण आवश्यक पनि देखिन्छ ।

सरसरती हेर्दा जन्मपूर्वका संस्कारहरू गर्भाधान, पुंसवन र सीमन्तोन्नयन संस्कार हुन् । यी संस्कारसापेक्ष संस्कृतिलाई देखाउने टुक्काहरू त्यति धेरै प्रचलनमा भेटिँदैनन् तर लोकसमाज यी संस्कारसँग परिचित नै देखिन्छ भन्ने पक्ष चाहिँ बुझ्न सकिन्छ । नेपाली टुक्का भण्डारले यी संस्कारसंम्बद्ध सूत्रहरू बचाएर राखेको पक्षलाई बिर्सन मिल्दैन ।

**जन्म र शिशुवयी संस्कार**

जन्म र जन्मपछिका शिशुवयी संस्कारमा जातकर्म, छैठी, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, विद्यारम्भ, कर्णवेध र केशान्त जस्ता वैदिक विधिअनुसारका चौथो संस्कारदेखि माथिका शिशुवयमा सम्पन्न गरिने संस्कार पर्दछन् । लोकसमाजमा बाल्यकाल र किशोरकालका प्रभाव जीवनभर रहने विश्वास रहेकाले धेरै संस्कारहरू यही शिशु, बाल्य एवम् किशोरवयी संस्कारमा पर्दछन् । यहाँ भने जन्म र शैशवकालीन संस्कार संम्बद्ध नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण गरिएको छ ।

शिशु जन्मपछि सबै भन्दा पहिलो उसका शरीरबाट साथी छुट्याइन्छ । यसलाई जन्मप्रक्रियासँगै जोडिन्छ र संस्कारको रूप मानिँदैन । उसको नाल काटेर छुट्याएपछि मात्र पूर्ण रूपमा जन्म भएको मानिन्छ । यसलाई नाल काट्नु, साथ छोड्नु आदि टुक्काले देखाउँछन् । नाल काट्ने प्रक्रियालाई संस्कार नमान्ने अर्थमा जन्मपछिको पहिलो संस्कार जातकर्म संस्कार हो । शास्त्रीय एवम् लोकविश्वासअनुसार नवजात शिशु बुद्धिमान्, बलवान्, स्वस्थ एवं दीर्घजीवी होस् भन्ने कामनाले यस संस्कारलाई परम्परादेखि मानिँदै आएको पाइन्छ । यो सोह्र संस्कारमध्ये चतुर्थ संस्कार हो ।
जातकर्म संस्कारअनुसार शिशु जन्मेपछि छोटो यज्ञ गर्नका साथै घिउ र मह मिलाएर सुन, चाँदीको शलाकाले त्यो मिश्रण लिएर बालकको जिब्रोमा "ओम" अक्षर लेखेर उसको दायाँ कानमा "वेदोऽसीति"- 'तेरो गुप्त नाम वेद हो' भनेर सुनाउने परम्परा रहेको पाइन्छ (सरस्वती, सन् १९९१, पृ. ४४ । यस संस्कारअनुसार शिशुलाई घ्यु र मह छ पटक चटाउनु पर्ने विधिविधान रहेको पाइन्छ । यस संस्कारसँगै नवप्रसूता स्त्रीको शिरतिर एउटा कलश पानीले भरेर १० रातसम्म राख्नु पर्ने विधिविधान रहेको पाइन्छ (मनुस्मृति, २ : २७) । शिशु जन्मका आवसरमा खुसीयालीसाथ पूजा गरेर सुनदान, दक्षिणा गरेर जातकर्म संस्कार गर्ने गरेको पानि पाइन्छ (दाहाल, २०७०, पृ. ८१) यस विधानअनुसारका केही टुक्काहरू नेपाली समाजमा प्रचलित छन् :

उत्तराधिकारी पाउनु
ओम लेख्नु
ओम अक्षर लेख्नु
कलश राख्नु
कान फुक्नु ...
घिउ र मह दिनु,
पाहुना आउनु,
वेदनाम दिनु आदि ।

माथिका टुक्कालाई हेर्दा नेपाली लोकसमाजमा जन्मनेवित्तिकै गर्ने संस्कार पनि रहेको देखिन्छ । यस संस्कारसँग संम्बद्ध 'उत्तराधिकारी पाउनु', 'ओम लेख्नु', 'ओम अक्षर लेख्नु' जस्ता टुक्काले शास्त्रीय संस्कृतिलाई देखाउँछन् । 'वेदनाम दिनु' टुक्काको अर्थ शिशुलाई वैदिक शब्दबाट रक्षाको कामना गर्नु देखिन्छ । त्यसै गरी 'कलश राख्नु', टुक्काले पनि उही वैदिक विधिविधानसापेक्ष संस्कृतिलाई देखाउँछ । 'कान फुक्नु', र 'गुप्त नाम दिनु' पनि वैदिक संस्कृतिकै निरन्तरता जस्तो देखिन्छ ।

यहाँ बालकको स्वास्थ्यलाई मध्यनजर गरिने विधि पनि देखिन्छ 'मह चाट्नु', 'मह चटाउनु', 'घिउ र मह दिनु', जस्ता टुक्काहरू शिशुलाई स्वस्थ्य र बलियो बनाउने विधि, उसको नयाँ संसारमा बाँच्नका लागि प्रतिरोधी क्षमता बढाउने सामर्थ्य विकास वा संस्कृतिसँग सम्बन्धित छन् । यिनले शिशुलाई बलियो बनाउने विश्वासलाई महत्त्व दिएका छन् । त्यसै गरी 'पाहुना आउनु' सामान्य रूपमा लोकप्रचलित टुक्का हो । नयाँ मानिसलाई पाहुना आउनु वा आयो भन्नु स्वाभाविक लाग्छ । यसको सट्टा उत्तराधिकारी पाउनुले चाहिँ बढी गहिरो अर्थ राख्छ । त्यस्तै जन्मसँग सम्बन्धित 'हलौं हुनु', 'सालनाल काट्नु, 'सालनाल गाढ्नु' भन्ने टुक्का पनि नेपाली लोकसमाजमा प्रचलित छ ।

छैठी नेपाली लोक समाजमा प्रचलित संस्कारसंम्बद्ध संस्कृति हो । शिशु जन्मिएको छैटौं दिन सूर्यास्त भएपछि शिशुको शिरतर्फ षष्ठीदेवी र मार्कण्डेयादि अष्टचिरञ्जीवीहरूको पूजा गरी बालकलाई मह चटाएर जिब्रामा ओम लेखिदिने, उसका शिरानीमा रातभरि बत्ती बालिदिने, सिरानमा खरी पाटी (अहिले समयअनुसार कलम, कापी) राखिदिने र अग्निस्थापना गरेर षष्ठी पूजन गर्ने वैदिक विधि रहेको छ (दाहाल, २०७०, पृ. ८१) । यस संस्कारलाई लोक समाजले भने वैदिक विधिअनुसार अग्निस्थापना र पूजा गर्ने भन्दा पनि छैटौं दिनको साँझ भावी आउँछ र शिशुको भाग्य लेखेर जान्छ भन्ने विश्वासअनुसार सिरानेमा कापीकलम राखिदिने चलनका रूपमा सीमित रहेको देखिन्छ । पङ्क्तिकारका परिवारमा सेलरोटी पकाएर परिवारका सदस्य र सुत्केरीलाई खान दिने गरिएको थियो । यसले नवप्रसुतालाई चिसोबाट बचाउँछ र भावीले सेल खादै राम्रो भाग्य लेख्छ भन्ने लोकविश्वास रहेको बुझिन्थ्यो । घरमा सूतक रहेकाले भान्जाभान्जी र ज्वाइँचेलालाई चाहिँ निमन्त्रणा नगरी परिवारका सदस्यबिचमा मात्र सेल वा यस्तै तातो न्यानो दिने वस्तु खाए खुवाएर यो संस्कार गर्ने चलन रहेको बुझिन्छ । जस्तै :

अमृत चटाउनु
अष्टचिरञ्जीवीको पूजा
कलम राखिदिनु
कापी कलम राख्नु
खरी पाटी राख्नु
छैटीको दिन
भावीको खेल...
षष्ठीदेवीको आसिक
षष्ठीदेवीको पूजा आदि ।

छैठीसम्बद्ध उदाहरणमा लिइएका टुक्कालाई हेर्दा नेपाली समाजमा छैठीलाई महत्वसाथ हेरिन्छ । यो समाज भाग्यवादी समाज हुँदा यसका दृष्टिकोणहरू समाजमा दीर्घकालीन प्रभाव पार्न सक्ने किसिमका रहेका छन् र सोहीअनुसारका लोकोक्ति र टुक्काहरू प्रचलनमा रहेका छन् ।

'अष्टचिरञ्जीवीको पूजा' टुक्काले बालको दीर्घायुको कामनाका साथै भावीले भाग्यका साथै दीर्घायुको कामना पनि गरोस् भन्ने कामना गरेको बुझिन्छ । अष्ठचिरञ्जीवीमा मार्कण्डेय, बलि, व्यास, हनुमान्, विभिषण, कृप, परशुराम र अश्वत्थामा पर्दछन् । यी पात्रसंबद्ध टुक्काले पनि यस संस्कारलाई कुनै न कुनै रूपमा जोड्छन् । सङ्कलितमध्ये 'कलम राखिदिनु', 'कापी कलम राख्नु', 'खरी पाटी राख्नु' 'भावीले लेख्नु' जस्ता टुक्काले छैटीका दिन शिशुको भाग्य लेखिन्छ भन्ने विश्वासलाई देखाउँछन् र त्यसका लागि लेख्ने साधन राखेर भावीलाई खुसी बनाई शिशुको जीवन सहज र सुखद होस् भन्ने कामना गरेको बुझिन्छ ।

उक्त 'छैटीको दिन', 'भावीको खेल', 'भावीको लेखान्त' जस्ता टुक्कामा मानिसका जीवनमा देखिने खास खास घटना र लक्षणसंम्बद्ध लोकविश्वास प्रतिविम्बित छ । त्यस्तै 'मह चटाउनु' टुक्काले अमृतमय जीवन बनाउनु भन्ने सन्देश दिएको छ । महलाई अमृतका रूपमा वैदिक कालदेखि लोकसमाजसम्मले लिने गरेको पक्ष 'अमृत चटाउनु टुक्कामा संयोजित पाइन्छ । यहाँ समेटिएका 'षष्ठीदेवीको आसिक' र 'षष्ठीदेवीको पूजा' दुवै टुक्काले शिशु जन्मिएको छैटौं दिन षष्ठिकाको पूजा हुन्छ वा गर्नुपर्छ भन्ने अर्थ द्योतन गरेका छन् र षष्ठिकाको पूजा जन्मोत्सवमा पनि गर्ने चलन छ । नेपाली लोकसमाजमा ब्राह्मण जातिले मात्र नभई सबै जातजाति, धर्मधर्मावलम्बीहरूले नामकरण संस्कार विधिपूर्वक मान्ने गरेको पाइन्छ । वैदिक विधिअनुसार जन्मेको एघारौं वा कुनै सुखमय, दिन वा साइतमा शिशुलाई सुन्दर र सार्थक नाम राख्न गरिने संस्कारका रूपमा नामकरण संस्कार प्रचलित छ । सोह्र संस्कारमध्ये यो पाँचौ संस्कार हो । शिशुको नाम जोडा अक्षर र बालिकाको नाम बिजोड अक्षरमा राख्नु भन्ने *मनुस्मृति*को मत रहेको छ ( २: ३०) । यस संस्कारसंम्बद्ध यज्ञमा कनिका, अक्षता, सर्स्यूं, र भलायो आदिको हवन गरिन्छ । यी वस्तुहरूको हवन वातावारणलाई शिशुअनुकूल बनाउने वासना र ऊर्जाका लागि उपयुक्त मानिएको छ । यस संस्कारबाट शिशुलाई 'हे शिशु ! तिमी आयुष्मान्, विद्यावान्, धर्मात्मा, यशस्वी, पुरुषार्थी, प्रतापी, परोपकारी, र सम्पूज्य होऊ' भन्ने कामना गरिन्छ (सरस्वती, सन् १९९१, पृ. ५२)

यस संस्कारसँगै हाल बालकलाई सूर्य दर्शन गराउने चलन पनि बढ्दै गएको छ । सूर्यदर्शनसँगै पैतालाले भुइँ टेकाउने र सूर्य देखाउने गरिन्छ । यो विधि नामकरण संस्कारको उत्तराङ्गपछि गर्ने गरेको पाइन्छ । यस विधिअनुसार शुद्ध गोबरको कुण्ड बनाई सूर्यको पूजा गरी दर्शन गराउने, लिपिएको शुद्ध भुइँमा टेकाउने र अग्निका वरिपरि घुमाउने चलन रहेको पाइन्छ (दाहाल, २०७०, पृ. ८२) । अन्य समुदायमा सूर्यदर्शनको छुट्टै संस्कार रहेको छ तर वैदिक एवम् लोकसंस्कृतिमा यसलाई नामकरण संस्कारसँगै जोडेर राखेको पाइन्छ । नामकरण र सूर्यदर्शन संम्बद्ध लोकसमाजमा प्रचलित केही टुक्काहरू यसप्रकार छन् :

घाम देखाउनु
नाम राख्नु
नाम दिनु
नाम लेख्नु
नाम सुनाउनु
नामाकरण गर्नु
नाम काढ्नु
न्वारान गर्नु
पिपलमा लेख्नु
भलायोको हवन
सर्स्यु पोल्नु
सूर्य दर्शन गराउनु
सूर्य पूजन आदि ।

नेपाली समाजमा प्रचलित सोह्र संस्कारमध्ये नामकरण संस्कार उल्लेख्य संस्कार हो । नवजात शिशु जन्मिएको एघारौँ दिनभित्र परम्पराअनुसार नाम राखिन्छ । यस संस्कार संम्बद्ध उक्त टुक्काहरूलाई नमुना मानेर अध्ययन गर्दा 'घाम देखाउनु, 'सूर्य दर्शन गर्नु' 'सूर्य पूजन' जस्ता टुक्काले नामकरण संस्कारसँग जोडिएको सूर्यदर्शन संस्कारसंम्बद्ध संस्कृतिलाई देखाउँछन् । यी टुक्काले बालकलाई सूर्यदर्शन गराउनु भन्ने अर्थका साथै केही शुभकार्यको थालनी गर्नु भन्ने अर्थ द्योतन गर्दछन् ।

उदाहरणका रूपमा सङ्कलन गरिएका 'नाम राख्नु', 'न्वारान गर्नु', 'नाम दिनु', 'नाम लेख्नु, 'नाम सुनाउनु, 'नामकरण गर्नु', 'पिपलमा लेख्नु' भलायोको हवन' सर्स्युंको हवन जस्ता टुक्काले नामरण संस्कार र यस संम्बद्ध पक्षलाई समेटेका छन् । यीमध्ये 'नाम राख्नु' टुक्काले बालकलाई नाम दिने कार्य गर्नु भन्ने अर्थ राख्छ र यसको लक्ष्यार्थ केही काम गरेर नाम कमाउनु भन्ने पनि हुन्छ । यसलाई गलत काम गरेर गलत प्रचार फिँजाउँने अवस्थामा व्यङ्ग्यका रूपमा पनि लोकसमाजले प्रयोग गरिरहेको हुन्छ । 'न्वारान गर्नु, 'नाम दिनु' जस्ता टुक्काले नामकरण संस्कारलाई नै बुझाउँछन् । 'नाम लेख्नु' टुक्काले नामकरण संस्कारमा वैदिक विधिअनुसार दुईवटा पिपलका पातमा नाम लेखेर सुनाउने चलनलाई देखाउँछ । यसको केही काम गरेर नाम राख्नु भन्ने जस्तो अन्य अर्थ पनि आउँछ । 'पिपलमा लेख्नु' टुक्का उक्त दुई टुक्काकै अर्थ द्योतन गर्ने टुक्का हो । 'नाम सुनाउनु' र 'नामकरण गर्नु' दुवै टुक्काले न्वारन गर्ने कार्य गर्नु, विधि पूरा गर्नु भन्ने अर्थ नै दिन्छन् । 'भलायोको हवन' टुक्काले न्वारनमा गरिने हवनलाई देखाउँछ । शिशुलाई यज्ञस्थलमा निकाल्दा कुनै किसिमको बाधा नहोस् वा वाह्य कीटाणुको आक्रमण नहोस् भन्ने अर्थमा भलायोलगायत कीटाणु प्रतिरोधी वनस्पतिको अग्निमा हवन गरी न्वारन गर्ने प्रचलन रहेको छ । सामान्यतया न्वारान एघारौँ दिनमा गरिन्छ । एघारौँ दिनबाहेक अरू दिन गर्नु परेमा हवन जुराउनु पर्दछ भन्ने कर्मकाण्डीय मत रहेको छ (दाहाल, २०७०, पृ. ८१) । लोकसमाजमा न्वारान गराउने विधिमा केही फरकपन देखिए पनि प्रायः शिशुलाई पूर्व फर्काई, ब्राह्मणले पनि पूर्व फर्किई पिपल र पिपल नपाए केराको पातमा नाम लेखी शिशुको दाहिने कानमा तीन पटक सुनाउने चलन रहेको छ ।

शिशु जन्ममपछि गरिने शैशवकालीन संस्कारमध्ये एक निष्क्रमण संस्कार हो । यो शिशुलाई जन्मिएको चार महिना लागेपछि पहिलो पटक घरबाट बाहिर भ्रमणमा लैजान प्रारम्भ गर्ने संस्कार हो । न्वारनकै दिन भुइँमा पाइला राख्ने, सूर्यदर्शन गराउने र क्रमशः उसलाई बाहिरको वातावरणलाई चिनाउँदै बाहिर घुमाउन वा अलि टाढा आफन्तकासम्म वा मन्दिर र यस्तै आस्था केन्द्रसम्म लैजाने संस्कारका रूपमा चिनिन्छ । यसलाई *गृह्यसूत्र*का आधारमा दयानन्द सरस्वतीले वातावरणसँग घुलमिल गराउने संस्कारका रूपमा चिनाएका छन् (सरस्वती, सन् १९९१, पृ. ५३) । यस संस्कारले गर्दा शिशुमा संसारको वातावरणसँग भिज्ने क्षमताको विकास हुने बताइन्छ (मनुस्मृति, २ : ३४) । यो संस्कार संम्बद्ध केही टुक्काहरू नेपाली लोकसमाजमा प्रचलित छन् ।

जस्तै :

घर छोडाउनु
बाहिर निस्कनु
बाहिर निकाल्नु
वातावरण चिनाउनु
शिशु डुलाउनु
संसार देखाउनु आदि ।

आधुनिक कर्मकाण्डका पुस्तकहरूले निष्क्रमण संस्कारलाई उति महत्त्व दिएको देखिँदैन । बाबुआमा काममा जाने र सँगसँगै शिशुलाई पनि बाहिर लैजाने चलनले यो संस्कारको विधान कम भएको हुनुपर्छ । यस संस्कारलाई सङ्केत गर्ने खालका उदाहरणमा लिइएका टुक्कालाई हेर्दा 'घर छोडाउनु' टुक्काको सोझो अर्थ शिशुलाई घरबाट बाहिर निकाल्नु भन्ने हुन्छ । यसका अन्य अर्थले भने यस संस्कारलाई देखाउँदैनन् । 'बाहिर निस्कनु' टुक्काले शिशु लिएर डुल्नु भन्ने अर्थ द्योतन गर्दछ । 'संसार देखाउनु' र 'वातावरण चिनाउनु' दुवै टुक्काले निष्क्रमण संस्कारका पक्षलाई देखाउँछन् । यो संस्कार शिशुलाई घरभित्रको वातावरणमा मात्र सीमित नगरी बाहिरी वातावरणसँग घुलमिल गराउने संस्कारका रूपमा नेपाली लोकसमाजमा जीवित छ । यसको प्रचलन र वैदिक एवम् लोकसमर्थित विधिको प्रयोग भने क्रमशः कम हुँदै गएको छ ।

सोह्र संस्कारमध्ये शैशवकालीन संस्कारमा धेरै समुदायमा र सबैतिर प्रचलित संस्कार अन्नप्राशन संस्कार हो । यस संस्कारपछि शिशुलाई आमाको दुधसँगै सुपाच्य पौष्टिक अन्न पनि दिनुपर्छ भन्ने मान्यताअनुसार अन्न खुवाउन थाल्ने साइतका रूपमा यो संस्कार प्रचलित छ । यो संस्कार शिशुलाई जन्मिएको छैठौँ महिनामा शुभ दिन हेरेर सुरु गर्ने गरेको पाइन्छ । यसमा पितामाताका साथै अग्रज महिला र पुरुषले शुभकामनाका साथ बालकलाई खाना खुवाउने वा चटाउने परम्परा रहेको छ । घिउ, दही र मह मिसाएको भातले यज्ञमा आहुति दिई बचेको भात शिशुलाई चटाएर यो संस्कार सम्पन्न गरिन्छ (सरस्वती, सन् १९९१, पृ. ५६-५७) । यसै विधिअनुरूप अन्नप्रासन संस्कारलाई कुलपरम्पराअनुसार गर्नू भन्ने मत रहेको छ (मनुस्मृति, २ पृ.३४) । लोकसमाजमा छोराको छ या आठ महिनामा र छोरीको पाँच या सातमहिनामा शुभ दिन हेरी आआफ्नो संस्कार संस्कृतिअनुसार अन्नप्रासन गराउने गरेको पाइन्छ । शुभ मूहूर्त वा वेलामा पूजाविधिसहित यस संस्कारलाई निरन्तरता दिने वैदिक विधि नै रहेको छ । यस संस्कारसंम्बद्ध लोकोक्ति र टुक्काहरू नेपाली लोकसमाजमा प्रशस्तै छन् । त्यस्ता केही टुक्काहरू यसप्रकार टिप्न सकिन्छ :

अन्न खुवाउनु
अन्न चखाउनु
अन्न चटाउनु
अन्न प्रासन

---

अन्न दिनु...छुरा लाउनु
छुरा चलाउनु
मुण्डन गर्नु आदि ।

उदाहरणमा लिइएका टुक्कामध्ये 'कपाल काट्नु, 'कपाल खौरनु', 'कपाल मुड्नु', 'छुरा लाउनु', 'छुरा चलाउनु' 'मुण्डन गर्नु' जस्ता टुक्काले कपाल काट्नु भन्ने अभिधा अर्थ दिएका छन् । यिनका लक्षणा र व्यञ्जना तहका अर्थ पनि छन् । छुरा चलाउनुले घात गर्नु भन्ने अर्थ पनि वहन गर्दछ । त्यसो भए पनि यी कपाल मुण्डन गर्ने संस्कारसंम्बद्ध सांस्कृतिक टुक्काहरू हुन् । 'कपाल सेलाउनु' टुक्काले कपाल काट्नुका साथै मूलतः काटिसकेको कपाल कतै लगेर राख्नु वा फ्याँक्नु भन्ने अर्थ द्योतन गर्दछ ।

चूडाकर्मसँगै छोरीहरूको जुनिउँचोली गर्ने चलन छ । 'गुनिउँचोली दिनु' 'गुनिउँचोली लाइदिनु, गुनिउँचोली लाउनु' जस्ता टुक्काले चाहिँ चूडाकर्मसँगै मिसिएको छोरीहरूलाई गुनिउँचोली दिने संस्कारलाई बुझाउँछन् ।

नेपाली समाजमा प्रचलित सोह्र संस्कारमध्ये शैशव कालमै सम्पन्न गरिने अर्को संस्कार कर्णवेध संस्कार हो । यो संस्कार शिशुलाई शारीरिक व्याधिहरू हर्निया आदिबाट रक्षाको कामनाले गरिने संस्कार हो भन्ने विश्वास छ । यो संस्कार शिशुको जन्मबाट तेस्रो वा पाँचौ वर्षमा गर्नु राम्रो हो भनेर *आश्वालायन गृह्यसूत्रम्*को मान्यता रहेको छ (गृहसूत्रम् २ : २-५) । लोक समाजले यसलाई गहना लगाउने संस्कारका रूपमा निरन्तरता दिएको छ । यसो भनिए तापनि लोकसमाजमा एक

दुई महिनादेखि छ, सात, आठ महिनासम्ममा शुभ दिन हेरी त्यस दिनको शुभ मूहूर्तमा कर्णवेध संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ। समाजको विकाससँगै यसलाई सुरक्षा कवच दिने, सुनको मुन्द्री लागाइदिने चलनका रूपमा हेर्न थालिएको छ। यस सम्बन्धमा नेपाली लोकसमाजमा प्रशस्तै टुक्काहर पाइन्छन्। जस्तै :

कान छेड्ने
कान छेड्नु
कर्णवेध गर्नु
धातु लगाउनु,
मुन्द्रा लगाउनु
मुन्द्रा लाइदिनु
सुन दिनु आदि।

उक्त टुक्काहरू कर्णवेध संस्कारसँग सम्बन्धित छन्। कान छेड्ने, कान छेड्नु, कर्णवेध गर्नु जस्ता टुक्काले एउटै संस्कृतिलाई बुझाउँछन्। 'कान छेड्नु' टुक्काले आवाज चर्को भएर कान खानु भन्ने अर्थ पनि नबोक्ने होइन तर यसको सांस्कृतिक अर्थ कर्णवेध सँगै सम्बन्धित छ। 'मुन्द्रा लगाउनु', 'मुन्द्रा लाइदिनु जस्ता टुक्काले भने कर्णवेध संस्कारकै चिन्तनअनुरूपको संस्कृतिलाई देखाउँछन्। शिशुका कानमा मुन्द्रा लगाउँदा ऊ बाह्य आक्रमणबाट सुरक्षित हुने विश्वास गरिन्छ। यस अर्थमा पनि कर्णवेध  शैशव कालीन संस्कारमध्ये एक हो।

**बाल्यकालीन संस्कार**

बाल्यकालीन संस्कार पदावलीको प्रयोग बाल्य उमेर छँदा गरिने संस्कार भन्ने अर्थमा प्रयोग गरिएको छ। बाल्यकालीन संस्कारहरूमध्ये यज्ञोपवित संस्कार मुख्य संस्कार हो। बाल्यकाललाई आधुनिक समयमा सात आठ वर्षपछिको समय मानिए पनि  प्राचीन कालमा पाँच-छ  वर्षमाथि मानिएको जस्तो देखिन्छ। कर्णवेध संस्कारलाई हेर्दा यो संस्कार शिशु बाल्यकालमा प्रवेश गरेपछि गर्ने गरेको जस्तो देखिन्छ। यस दृष्टिले बाल्यकालमा गरिने संस्कारहरूमा यज्ञोपवीत संस्कारप्रधान देखिन्छ।

यज्ञोपवीत संस्कारको नाम यज्ञमा मन्त्रिएको जनै धारण गर्ने तागाधारी समुदायसँग सम्बन्धित देखिन्छ। यसलाई उपनयन संस्कार पनि भनिन्छ। उपको अर्थ नजिक अनि नयनको अर्थ प्राप्त गर्नु वा हुनु भन्ने हो। यस संस्कारमा गुरुले यज्ञोपवीत धारण गराएर दीक्षा दिन्छन्। त्यसपछि बालक आफू र आफ्नो कुलमा रहेको  ऋषिऋण, पितृऋण र देवऋणबाट उऋण हुन प्रेरित हुन्छ भन्ने लोकमान्यता रहेको छ। यससम्बन्धी केहि टुक्का यस प्रकार छन् :

कलश पुज्नु
कसार बाट्नु
कान फुक्नु,
गायत्री दिनु
गायत्री जप्नु
गायत्री सुन्नु ...
जनै लाउनु
टुपी कस्नु..
देशान्तर सुन्नु
धोती फेराउनु,
धोती लाउनु
भिक्षा दान गर्नु
...मन्त्र दिनु
रेखी हाल्नु,
विसर्जन गर्नु
वेदारम्भ गर्नु
...सङ्कल्प गर्नु
सङ्कल्प गराउनु,
सूर्यावलोकन गर्नु,
हवन गर्नु  आदि ।

सोह्र संस्कारमध्ये यज्ञोपवीत संस्कार सबैभन्दा महत्त्वपूर्ण छ। वैदिक परम्पराअनुसार  र लोकपरम्पराअनुसार पनि गर्भदेखि

लिएर आठौं वर्षमा ब्राह्मणको, एघारौं वर्षमा क्षेत्रियको र बाह्रौं वर्षमा वैश्यको उपनयन संस्कार गर्नुपर्छ भन्ने मत रहेको छ (मनुस्मृति, २ : ३६) । यस मतअनुसार जातीय विभेदको गन्ध मिसिए जस्तो देखिए पनि वैदिक औपनिषदिक र पौराणिक साहित्यमा उल्लेख भएको ब्राह्मण, क्षेत्री र वैश्य कामअनुसार वा पेसाअनुसार तोकिएर रहेको र लोकसमाजले पनि त्यसरी नै बुझ्दै र गर्दै आएको पाइन्छ । सोहीअनुसार लोकसाहित्यका विधा उपविधामा चर्चा हुने गरेको पाइन्छ र टुक्कामा पनि देखिन्छ ।

व्रतबन्धसंम्बद्ध 'कसार बाट्नु, टुक्का विवाह र व्रतबन्ध दुवै संस्कारसँग सम्बन्धित छ । कसार विवाह र व्रतबन्ध दुवै संस्कारको साझा खाद्य परिकार हो । 'कलश पुज्न' व्रतबन्ध मात्र होइन अन्य धेरै संस्कारसँग मिल्दो टुक्का हो । 'कान फुक्नु,' 'गायत्री दिनु', 'गायत्री सुन्नु, 'गायत्री सुनाउनु', 'मन्त्र दिनु' जस्ता टुक्काहरू गुरुबाट गायत्री सुन्ने सुनाउने प्रचलनसँग सम्बन्धित छन् । यिनले व्रतबन्ध संस्कारसँग सम्बन्धित संस्कृतिलाई अन्तरनिहित गरेका छन् । गायत्री जप्नु एउटै कुरालाई दश पटकसम्म दोहोऱ्याउनु भन्ने लक्ष्यार्थप्रधान पनि हुन्छ तर यहाँ व्रतबन्ध संस्कारसँग सम्बन्धित बनेको छ । यसको अर्थ मन्त्र जप गर्नुसँग पनि मेल खान्छ ।

'जनै लगाइदिनु, 'जनै लाउनु, 'छ डोरा कस्नु' आदि टुक्काले यज्ञोपवीत संस्कारलाई नै देखाउँछन् । 'टुपी कस्नु'को व्यञ्जनापरक अर्थ मरिमेटेर पढ्नु पनि हुन्छ तर यहाँ संस्कारसंम्बद्ध टुक्काका रूपमा 'टुपी कस्नु'को अर्थ शिखा बाँध्नु भन्ने हुन्छ । 'हवन गर्नु, 'गोदान गर्नु, 'दक्षिणा दिनु, 'दक्षिणा गर्नु जस्ता टुक्काहरू अन्य संस्कारसँग पनि मिल्दा र यज्ञोपवीत संस्कारसँग पनि मिल्दाजुल्दा छन् ।

उदाहरणमा लिइएमध्ये 'दण्ड दिनु, 'देशान्तर जानु, 'देशान्तर सुन्नु, 'धोती फेराउनु, 'धोती लाउनु सबै यज्ञोपवीत संस्कारसँग सम्बन्धित छन् । 'दण्ड दिनु' टुक्काले यज्ञमा बटुकलाई लौरो दिने प्रक्रियालाई बुझाउँछ । 'देशान्तर जानु' टुक्काले वटुकलाई देशान्तर सुनाउने विधि अगाडि अब पढ्न कतै जान वटुक हिँड्ने विधिलाई बुझाउँछ । त्यस्तै धोतीसम्बन्धी 'धोती फेराउनु र 'धोती लगाउनु'लाई वटुकले त्यस दिन र त्यसपछि धारण गर्ने वस्त्रलाई जनाएको देखिन्छ र यी सबै यज्ञोपवित संस्कारसापेक्ष सांस्कृतिक टुक्काहरू हुन् ।

व्रतबन्धमा भिक्षां देही भन्दै वटुकहरूलाई घुमाउने र अरूले भिक्षा दिने चलन हुन्छ । सोअनुसार भिक्षा दान गर्नु, भिक्षा दिनु, भिक्षा माग्नु टुक्काहरू सहसम्बन्धित छन् । 'लाठी दिनु'ले भिक्षाटनका लागि 'लाठी दिनु, 'दण्ड दिनु वा लिनु' भन्ने अर्थ द्योतन गर्दछ ।

'रेखी हाल्नु, 'विसर्जन गर्नु' जस्ता टुक्काहरू अन्य संस्कारसँग पनि मिल्दा यज्ञका आरम्भ र अन्त्यका प्रक्रिया हुन् । यी टुक्काले क्रमशः आरम्भ गर्नु र अन्त्य गर्नु भन्ने अर्थ द्योतन गर्दछन् । यज्ञोपवीत संस्कारसँग वेद पढ्न थाल्ने वा वेदारम्भ गराउने संस्कार पनि जोडिएर आउँछ । कतै कतै यी दुई संस्कारलाई अलग अलग संस्कारका रूपमा व्यवहारमा उतारेको पनि देखिन्छ । 'वेदारम्भ गर्नु, 'वेद पढ्नु, 'सङ्कल्प गर्नु, 'सङ्कल्प गराउनु' जस्ता टुक्काले बालकलाई वेद पढाउन थाल्नु र त्यसप्रति दृढ सङ्कल्पित बनाउनु भन्ने अर्थ लाग्छ ।

'सूर्यावलोकन गर्नु' टुक्काले व्रतबन्धका बिचमा पिताले पुत्रलाई सूर्य देखाउने विधिलाई बुझाउँछ यसले विशालता र प्रकाशको अवलोकनलाई बुझाएको देखिन्छ । वेदारम्भ संस्कारलाई छुट्टै संस्कार मान्ने र यज्ञोपवीत संस्कारकै एक पक्षका रूपमा चिनाउने गरेको दुवै पक्ष लोकसमाजमा पाइन्छ । पहिले पहिले बालकलाई उपनयन गरेकै दिन वा त्यसको भोलिपल्ट गुरुकुलमा वेदारम्भका लागि प्रवेश दिइन्थ्यो । आजभोलि बालकले समयमा यो संस्कार पालन गर्न सक्तैन भनेर बालकको अवस्था हेरी उपयुक्त दिन वा सरस्वतीपूजाका दिन पारेर यो संस्कार गर्ने गरेको देखिन्छ । यो संस्कार गुरुका नजिकमा बसेर श्रेष्ठ शिक्षा दीक्षा ग्रहण गर्दै गायत्री मन्त्र विधिपूर्वक जप गर्न र सिद्धि लिनदेखि पूरै वेदको अध्ययन गर्नका लागि नियम धारण गर्ने संस्कार हो । वैदिक समयमा यस संस्कारलाई यज्ञोपवीत संस्कारकै रूपमा लिइएको थियो तर दयानन्द सरस्वतीलगायत पछिल्ला चिन्तकहरूले यसलाई अलग संस्कारका रूपमा चित्रण गरेका छन् । 'वेद पल्टाउनु, 'वेद पढ्नु, 'वेद ज्ञान, 'वेद दिनु, 'वेद बाँच्नु, 'वेद समाउनु' आदि पनि वेदारम्भ संस्कार संम्बद्ध टुक्का हुन् र यिनको अर्थ पनि वेदारम्भ संस्कार र उपनयन संस्कारसँगै सम्बन्धित छ ।

**किशोर एवं युवावयी संस्कारहरू**

वैदिक युग र आजको युगमा उमेरलाई हेर्ने दृष्टिकोण केही फरक छ । वैदिक कल, लोकसमाज एवम् लोकसमाजले निर्धारण गर्ने किशोर र युवावस्थाको उमेर फरक पर्न सक्छ । युवावस्था कहिले कहिले कसरी मानिन्थ्यो भन्ने पक्ष छुट्टै अध्ययनको विषय बन्न सक्छ । यस आधारमा लोकसमाज र आधुनिक समाजलाई पनि हेरेर युवावस्थाका संस्कारका रूपमा समावर्तन र विवाहलाई युवावयी संस्कारका रूपमा देखाउने प्रयास गरिएको छ ।

समावर्तन संस्कार व्यक्तिले शिक्षा प्राप्त गरिसकेपछि विद्यालयले दिने विदाई संस्कार मानिन्छ । यस संस्कारलाई आजका विश्वविद्यालयीय भाषामा 'दीक्षान्त समारोह' भनिन्छ । पहिले विवाह गरेर पुनः गुरुकुल जाने चलन थिएन । ब्रह्मचार्य

आश्रममा रहेर पढ्ने र गृहस्थाश्रम धारण गर्ने उद्देश्यले विद्यालय छोडेर घर आउनुलाई समावर्तन भनिन्थ्यो । यसको शाब्दिक अर्थलाई मात्र हेर्दा कतै गएको ठाउँबाट फर्किएर आउने काम, फिर्ती, पुनरागमन वा प्रत्यागमन भन्ने हुन्छ । प्राचीन वैदिक परम्पराअनुसार यसको ज्ञान आर्जनसँग जोडिएको विशेष अर्थ रहेको छ । ब्रह्मचार्य आश्रममा रही वेदारम्भ गरी वेदाङ्गको अध्ययन पूरा गरेपछि गुरुकुलका धर्ममा रहेर गरिने ब्रह्मचर्या आश्रमबाट ब्रह्मचार्य व्रत पूरा गरी गृहस्थ आश्रममा फर्कने कार्य वा संस्कार भन्ने बुझिन्छ । यो तत्कालीन समयमा द्विज जातिका षोडश संस्कारमध्ये एक संस्कारका रूपमा प्रचलित थियो ।

समावर्तन एक किसिमले आधुनिक विश्वविद्यालयले दिने दीक्षान्त समारोह जस्तै हो । यसलाई *वृहत नेपाली शब्दकोश*ले विश्वविद्यालयका स्नातक वा सोभन्दामाथिका परीक्षामा समुत्तीर्ण भएका स्नातकहरूलाई उपाधि वितरण गर्ने कार्य, उपाधि वितरणोत्सव र दीक्षान्त समारोह भनेर पनि चिनाएको छ (त्रिपाठी र दाहाल, २०४०, पृ. १३०७) । यस अर्थमा समावर्तन आज एउटा सहज प्रक्रिया भए पनि यसको वैदिक पौराणिक र प्राचीन समाजमा विशेष अर्थ थियो । उपाधि लिने प्रक्रियासँगै गुरुभेटी वा गुरुदक्षिणाको कुरा पनि जोडिएर आउँथ्यो । मुनुस्मृतिका अनुसार गुरुसँग लगातार ३६, १८ वा नौ वर्ष वेद अध्ययन गरेर समावर्तन संस्कारमा सहभागी बन्न मिल्छ (मनुस्मृति, ३ : १) यसमा दिइने उपदेशहरू अनेक छन् (मनुस्मृति २ : १०८-२४९) । यस संस्कारसंम्बद्ध उखान र टुक्काहरू पनि नेपाली लोकसमाजमा प्रचलित छन् । यस संस्कारसंम्बद्ध केही टुक्काहरू यसप्रकार छन् :

उत्तीर्ण हुनु
उपाधि लिनु
गुरुकुल छाड्नु
गुरुभेटी चढाउनु,
गृहस्थी रोज्नु
घर फर्कनु
दीक्षित हुनु
...वेदस्नान गर्नु
स्नातक हुनु आदि ।

समावर्तन संकारसंम्बद्ध उक्त टुक्काले यस संस्कारलाई जीवन्त राखेको बुझिन्छ । वेदमन्त्रद्वारा अभिमन्त्रित जलले भरिएको कलशले विशेष विधिपूर्वक विद्यार्थीको स्नान गराएर आरम्भ गरिने संस्कार हुँदा यसलाई वेदस्नान संस्कार पनि भनिन्छ । यस संस्कारको खास विधि सम्बन्धमा *अश्वलायन स्मृति* (१४ : ५-९) ) मा चर्चा गरिएको छ । यहाँ चर्चा गरिएका पाँच वटा आधिकारिक श्लोकलाई पछिल्ला टीकाकारहरूले दोहोऱ्याउँदै आएको पाइन्छ । ती श्लोकअनुसार विधिपूर्वक वेदस्नानपछि शिक्षार्थी वेदस्नातक बन्छ । यसमा शिष्यको अग्निस्थापना, परिसमूहन, तथा पर्युक्षणलगायतका अग्निसंस्कार गरी *ऋग्वेद*को दशौं मण्डलको १२८ औं सूक्तका सबै ऋचा उच्चारण गर्दै समिधा हवन गरी गुरुदक्षिण दिएर गुरुका पाउमा झुकी गुरुको आशीर्वाद र आज्ञा लिएर यात्राका लागि वरुणको प्रार्थना गरी छुट्ने गरिन्छ । यस सन्दर्भमा पढिने मन्त्र हो : "उदुत्तमं मुमुग्धि नो विपाशं मध्यमं चृत । अवाधमानि जीवसे ॥" यस मन्त्रको अर्थ वरुणलाई सम्बोधन गर्दै तिमी हाम्रा कटि एवं ऊर्ध्व भागमा पखेटा दिएर बाँकी जीवन स्वतन्त्र हुन देऊ भन्ने लाग्छ । यस अर्थमा यो संस्कार पनि वैदिक कालदेखि आजसम्म रहेकै देखिन्छ र आधुनिक विश्वविद्यालयले दीक्षान्त समारोह गरेर निरन्तरता दिइरहेका छन् । यस सम्बन्धमा लोकसाहित्य भण्डारमा अनेक लोकोक्ति र टुक्काहरू रहेका छन् ।

वैदिक, पौराणिक समाजका साथै लोकसमाजले पनि निकै महत्वका साथ मानिआएको संस्कार विवाह संस्कार हो । विवाह संस्कार गृहस्थाश्रममा प्रवेश गर्ने प्रमुख संस्कार हो । यस संस्कारको परम्परा र उद्देश्य भन्नु गुण कर्म स्वभाव मिल्ने स्त्री र पुरुषको सम्बन्ध स्थापित गराउनु र वंशवृद्धि गर्नु रहेको बुझिन्छ (रोहतगी, सन् १९७१, पृ.१७२) । यसमा पुरुष २५ वर्ष पुगेको आफ्नो गोत्रभन्दा बाहिर र मातातर्फको छ पिँढीभन्दा बाहिरकी युवती १६ वर्ष पुगेको हुनुपर्ने विधान रहेको पाइन्छ । यस उमेर समूहलाई लोक समाजले फरक फरक समयमा फरक फरक उमेर निर्धारण गर्दै आएको छ र आधुनिक विश्वमा यस संसकारलाई सम्बन्धित मुलुकका कानुनअनुसार २० वा २२ वा २५ वर्ष उमेर निर्धारण गरी निरन्तरता दिने गरेको पाइन्छ । यो संस्कारसापेक्ष संस्कृतिको निरन्तरताको उद्देश्य गृहस्थ धर्म र कार्यहरू पालन गर्दै सन्तानोत्पत्ति गर्नु र तिनलाई उचित शिक्षा, दीक्षा शिल्प, कला आदि दिएर सुयोग्य नागरिक तयार पार्नु देखिन्छ ।

मानव विकास क्रममा विवाह एउटा संस्थाका रूपमा विकसित छ र यस संस्थामा प्रवेश गर्ने विधिका रूपमा विवाह संस्कार जीवन्त देखिन्छ । गृहस्थ जीवन विवाहदेखि आरम्भ हुने र यो सम्पूर्ण गृहयज्ञहरूको उद्‌गम वा केन्द्र हो

(रोहतगी, सन् १९७१, पृ. १७२) । समाजशास्त्रीय दृष्टिले विवाहका मुख्य उद्देश्यहरू नारी पुरुषको यौनजीवनको नियन्त्रित, मर्यादित र वैधानिक गर्दै सन्तान उत्पत्ति, संरक्षण तथा धार्मिक एवम् सामाजिक कर्तव्यको पालना गर्नु भन्ने देखिन्छ (रोहतगी, सन् १९७१, १७३) । मनुस्मृतिमा ब्रह्मा, देव, आर्य, प्रजापत्य, असुर, गन्धर्व, राक्षस, पैशाच्य जस्ता आठ प्रकारका विवाहको चित्रण गरिएको छ (मनुस्मृति, ३ : २१) । यसको प्रभाव आजका समाजमा पनि देखिन्छ । यी प्रकारमध्ये प्रजापत्य विवाहलाई उत्तम मानिन्छ । प्रजापतिलाई सृष्टिका उत्पत्ति पालन पालन गर्ने, सर्वव्यापक, सर्वज्ञ, न्यायकारी अद्वितीय स्वामी परमात्मा (सत्यानृते) सत्य रूपका भिन्न-भिन्न स्वरूपवाले धर्म-अधर्मका सर्वज्ञाता मानिन्छ । यसअनुसार विवाह गर्ने नारी-पुरुष सेवक-स्वामी मित्र-मित्र पिता-पुत्रादिसरह मिलेर एकअर्काको रक्षा गर्छौं, आपसमा प्रीतिका साथ मिलेर एक-अर्काको पराक्रम बढाउँछौँ, हामी व्यवहारिक ज्ञानबाट अतिप्रकाशमान बन्दै एकअर्काका बिच कहिल्यै विद्वेष राख्दैनौ । हामी सधैँ मित्र-भावले एक अर्कामा सत्य प्रेम गरेर गृहस्थी जीवन अगाडि बढाउँदै आनन्दसाथ रहन्छौ । हामी एक अर्काको साथ बाट धर्म, अर्थ, काम र मोक्षको सिद्धिमा सफल हुँदै सफल आपसमा आनन्द अनुभूतिका साथ अरलाई पनि खुसी दिन्छौँ भन्ने प्रतिज्ञा गरेर विवाह बन्धनमा बाँधिएका हुन्छन् (सरस्वती, सन् १९९१, पृ. १८५) । यस अर्थमा प्रजापत्य विवाह उल्लेख्य र प्रशंसायोग्य छ । प्रजापत्य विवाहका साथै माथि उल्लेख भएका फरक फरक विवाहअनुरूपको लोकोक्ति र टुक्काहरू प्रशस्त पाइन्छन् । जस्तै :

कन्यार्थी बन्नु
कसार बटार्नु
कुटुम्बेरी गर्नु
केटो हेर्नु
केटी हेर्नु,
कुमार ग्रह उतार्नु
कुमार ग्रह हुनु,
कुलको छोरो,
कुलकी छोरी,
गृहस्थ आश्रमम रोज्नु
गृहस्थ आश्रममा प्रवेश गर्नु
...जग्गे बनाउनु
जन्त जानु
जन्ती गन्नु
जन्ती टीका
जन्ती टीका लाउनु
जन्ते बाखो
जन्ते बाखो खानु
जोडी बाँध्नु
झ्याइँ पार्नु
च्यानाकुटी झ्याइँ पार्नु
...निम्ता पठाउनु
परिवेत्ता बन्नु
वधू छान्नु
वर छान्नु
लगनको पोते
लगनको सिँदुर
लगनगाँठो कस्नु
लगन जुर्नु,
लगन जोर्नु
लमी बन्नु
ल्वाङ सुपारी बाँड्नु,

वरण गर्नु
वरणी गर्नु
शिर उठाउनु
साइनो जोड्नु
सिँदुर हाल्नु
सिउँदो काढ्नु
सिउँदो भर्नु
...सम्धी ढोग
सम्धी भेट
स्वयंवर गर्नु आदि ।

नेपाली लोकसमाजमा विवाहका अनेक रूप छन् । केटी भगाउनु, केटो भगाउनु, जारी तिर्नु, जारी पर्नु, केटी जिम्मा लगाउनु, बेहुली खोस्नु जस्ता टुक्का पनि प्रचलनमा छन् । यहाँ भने विवाह संस्कारको मर्यादालाई सघाउने टुक्काहरूको मात्र नमुना सर्वेक्षण र यसको सांस्कृतिक प्रभावलाई देखाइएको छ ।

माथि नमुनाका रूपमा सङ्कलन गरिएका टुक्कामध्ये कन्यार्थी बन्नु, केटी हेर्नु, केटो हेर्नु, कुटुम्बेरी गर्नु जस्ता टुक्काले विवाहका मर्यादित संस्कृतिलाई बुझाउँछन् । कसार बटार्नु, जन्ते बाखो काट्नु, जन्ते बाखो, विहे भोज, बहु भोज खानु जस्ता टुक्काले विवाह संस्कारसंम्बद्ध खानपानका परिकार निर्माण र खानपानका अर्थ र संस्कृतिलाई देखाउँछन् । 'कुमार ग्रह उतार्नु' , 'कुमार ग्रह जानु', जस्ता टुक्काले अब कुमार रहिरन आवश्यक रहेन वा कुमार रहेन भन्ने अर्थमा विवाह संस्कारलाई जनाउने केही लक्ष्यार्थ प्रकट गरिरहेको देखिन्छ । त्यसै गरी 'कुमार ग्रह हुनु' 'केटी नपाउनु' जस्ता टुक्काले विवाह नहुने सङ्केत गर्छन् ।

लोकपरम्परामा कुल मिल्दा केटाकेटीका बिचमा विवाह हुनुपर्छ भन्ने मान्यता छ । 'कुलको छोरो, 'कुलकी छोरी' जस्ता टुक्काले यही कुल मिल्दा, राम्रो कुलका, असल कुलका केटाकेटी विवाहयोग्य हुन्छन् भन्ने सङ्केत गर्दछन् । 'गृहस्थ आश्रमम रोज्नु, 'गृहस्थ आश्रममा प्रवेश गर्नु', 'गृहस्थ ग्रह पर्नु', 'चिना जुर्नु' जस्ता टुक्काले विवाह हुने साइत जुर्न थाल्नु भन्ने अर्थ द्योतन गर्दछन् । 'घुम्टो ओढाउनु' टुक्काले बेहुली बनाउनु भन्ने अर्थ द्योतन गर्दछभने 'घुम्टो ओढ्नु' टुक्काले बेहुली बन्नु भन्ने अर्थ द्योतन गर्दछ । त्यसै गरी 'जग्गे घुम्नु', 'जग्गे घुमाउनु', 'जग्गे बनाउनु' जस्ता टुक्काले विवाहको तयारीदेखि विवाहसम्मका सांस्कृतिक विषयको सङ्केत गर्दछन् । 'जन्त जानु' जन्ती बन्नु', 'जन्ती टीका लाउनु' 'जन्ते बाखो खानु' जस्ता टुक्काले कसैको विवाहमा उत्साहसाथ, खुसीसाथ सहभागी बन्नु भन्ने सांस्कृतिक अर्थ दिन्छन् । 'जन्ती गन्नु', 'जन्ती टीका' 'जिउँदाको जन्ती' जस्ता टुक्काले विवाहमा जन्तीको महत्त्व छ भन्ने सङ्केत गर्दछन् । 'जन्ते बाखो', जोडी बाँध्नु', 'झ्याइँ पार्नु', च्यानाकुटी झ्याइँ पार्नु', 'डोली चढ्नु', 'डोली चढाउनु' 'बाजा बजाउनु' जस्ता टुक्काले विवाहको तयारीदेखि विवाह गर्ने संस्कृतिलाई नै देखाउँछन् ।

विवाह दुई जना युवायुवतीसँगै बस्न मिल्ने विधि मात्र होइन । यससँग नातासम्बन्ध र संस्कृतिका अनेक पाटा जोडिएर आएका हुन्छन् 'पाथी चुल्ठो गर्नु, 'सम्धी ढोग', 'सम्धी भेट', 'सम्धी फेटा गुथ्नु', 'सम्धिनी ढोसो' आदिले विवाह गर्ने युवा युवतीका अभिभावकका नाता, उनीहरूका बिचका ढोगभेटका विधि र कोसेली संस्कृतिलाई बुझाउँछन् । त्यसै गरी नाता जोड्नु, 'निम्ता गर्नु', 'निम्ता पठाउनु', 'भतखरौ जानु', 'भतखरौ बन्नु', 'लमी बन्नु' जस्ता टुक्काले विवाहको रीत पुऱ्याउने मर्यादा र प्रक्रियालाई देखाउँछन् । 'शिर उठाउनु' जस्ता टुक्काले दाजुको विवाह भएको छैन र भाइको विवाह भयो भने उसले दाजुलाई भेटीसहित ढोग गरेर क्षमा माग्ने रीति रहेको पक्षलाई सङ्केत गरेको पाइन्छ ।

नेपाली समाजमा विवाहसम्बन्धी व्यङ्ग्यात्मक टुक्काहरू पनि प्रशस्तै छन् । 'बाबुको बिहे', 'बाबुको बिहे देखाउनु' 'बाबुको बिहे देख्नु', 'बाबुको बिहे गर्नु' बाबुको बिहे हुनु' जस्ता टुक्काले ध्वन्यार्थ प्रकट गर्छन् र अनिष्टको पनि सङ्केत गर्दछन् । 'वधू छान्नु', 'वर छान्नु', 'लगन जुर्नु', 'लगन जोर्नु' जस्ता टुक्काले विवाहको तयारी र तत्परतालाई देखाउँछन् । विवाहमा महत्त्वपूर्ण वस्तु मानिने 'लगनको पोते', 'लगनको सिँदुर' जस्ता टुक्काले सिँदुर र पोतेको महत्त्वलाई देखाउँछन् । विवाह संस्कृतिसापेक्ष हेर्दा 'पत्र लगाउनु', 'लगनगाँठो कस्नु', माहुर लगाउनु', माहुर लेख्नु' माहुर सेलाउनु', 'लमी बन्नु', 'ल्वाङ सुपारी बाँड्नु' जस्ता टुक्काले विवाहको मर्यादा, विधि, पद्धति र संस्कृतिलाई सङ्केत गर्दछन् । उक्त टुक्काहरूमध्ये 'वरण गर्नु', 'वरणी गर्नु', 'साइनो जोड्नु', 'सिँदुर हाल्नु', 'सिउँदो काढ्नु', 'सिउँदो भर्नु', 'सिउँदो रङ्ग्याउनु', 'हात थाप्नु', 'हात माग्नु', 'स्वयंवर गर्नु' जस्ता टुक्काले विवाह संस्कृतिका साथै नेपाली समाजका बहुआयामलाई समेटेका छन् ।

**प्रौढ एवम् वृद्धवयी संस्कारसापेक्ष टुक्काहरू**

व्यक्तिका जीवनमा प्रौढता र वार्धक्य उमेर मात्र नभइ अनुभवको सञ्चितिको उमेर पनि मानिन्छ। यस उमेरमा व्यक्तिले आफूलाई समाजको प्रतिस्पर्धी भन्दा पनि आफैसँगको प्रतिस्पर्धीका रूपमा देखाउन थाल्छ। यससम्बन्धमा वैदिक, औपनिषदिक, आरन्यक एवम् पौराणिक र स्मृतिग्रन्थहरूमा अनेक चिन्तन रहेका छन्। जीवनमा सबै भोग गरिसकेपछि कपाल फुलेर गाला चाउरी परेपछि सन्तानका पनि सन्तान भएपछि जिवनसँगिनीलाई सुत्र जिम्मा लगाएर वा साथमै लिएर वनप्रस्थ आश्रममा जानुपर्ने संस्कार रहेको पाइन्छ (मनुस्मृति, ६ : १-३) यहाँ लोकसाहित्यसापेक्ष र त्यसमा पनि टुक्काकेन्द्रित अध्ययन गरिएको हुँदा ती सबै पक्षको सर्वेक्षण आवश्यक ठानिएको छैन। यस उमेर समूहका संस्कारमा वानप्रस्थ र सन्यास संस्कार पर्दछन्। आज आएर हेर्दा यी संस्कारहरू पुराना, रुढिवादी जस्ता देखिए पनि लोकसमाजमा यी संस्कारलाई पछ्याउने मानिसहरू अहिले पनि प्रशस्तै छन्। कुनै न कुनै रूपमा उत्तरप्रौढा र प्रौढावस्थादेखि नै वानप्रस्थ र सन्यास ग्रहण गर्ने व्यक्तिहरू भेटिन्छन्।

वानप्रस्थ संस्कार सोह्र संस्कारहरूमध्ये महत्त्वपूर्ण संस्कार मानिन्छ। आफ्ना सन्तानहरू स्वावलम्बी भएर छोराको पनि छोरा भएपश्चात प्रायः हजुरबा हजुरआमा बनिसकेपछि, उमेरले ५० वर्ष नाघेपछि समाज र देशको सेवाका लागि घरबाट निस्कने प्रक्रियालाई वानप्रस्थ संस्कार भनिन्छ। प्राचीन ग्रन्थहरूमा गृहस्थ आश्रमका कर्तव्यहरू पूरा गरेपछिको आश्रमका रूपमा वानप्रस्थ आश्रममा जानु पर्ने चिन्तन रहेको छ (यजुर्वेद, १९ : ३०) आजको लोकव्यवहारका सन्दर्भमा कुनै पेसा, व्यवसाय, जागिर आदिबाट अवकाशपछि आफ्नो रुचिको क्षेत्र निर्धारण गर्दै समाजसेवा, लोकसेवा, धार्मिक सांस्कृतिक कर्म, रीतिथितिको पालन, परोपकारी काम, दानदातव्य आदिको काममा लाग्नु वानप्रस्थ आश्रममा रहनु र वानप्रस्थ संस्कारको अवलम्बन गर्नु हो। नेपाली लोकसमाजमा प्रचलित टुक्का भण्डारमा यस्तो संस्कारलाई सुहाउने टुक्का र टुक्का जस्तै लाग्ने पदावलीहरू प्रशस्त भेटिन्छन्। जस्तै :

अलख जगाउनु
उत्तराधिकारी खोज्नु
कान चिर्नु
कुटी खोज्नु
खरानी घस्नु
गुफा खोज्नु
...बाबुको बिँडो थाम्नु
मन मार्नु
लोभ छोड्नु
व्यवहार छोड्नु
भारी बिसाउनु
यज्ञ गर्नु
शान्त हुनु
वन खोज्नु
साधु हुनु
हवन गर्नु
हव्यकव्य गर्नु आदि।

वानप्रस्थ आश्रमसँग सम्बन्धित उक्त टुक्काहरूले वानप्रस्थ संस्कार सापेक्ष लोकचिन्तन र विश्वासलाई देखाउँछन्। लोकसमाजमा यस्ता टुक्काहरू अनेक छन्। उदाहरणमा लिइएका टुक्काहरूमध्ये 'अलख जगाउनु', 'उत्तराधिकारी खोज्नु', 'कान चिर्नु', 'कुटी खोज्नु', 'खरानी घस्नु', 'गुफा खोज्नु', 'गुफा पस्नु', 'घर छोड्नु', 'चिम्टा समाउनु' जस्ता टुक्काले साधु हुनु, घरबार त्यागेर हिँड्नु जस्ता वानप्रस्थ आश्रमसम्बद्ध पक्षलाई बुझाउँछन्। लोक समाजले यी पक्षलाई आदरका रूपमा र व्यङ्ग्यका रूपमा पनि बुझ्ने र व्यवहार गर्ने गरेको देखिन्छ। संस्कारका कोणबाट यी टुक्काको अर्थ व्यङ्ग्यप्रधान भन्दा पनि लक्षणाप्रधान नै देखिन्छन्। 'जिम्मेवारी बिसाउनु', 'परम्परा थाम्नु', 'जिम्मेवारी पन्छाउनु, बाबुको बिँडो थाम्नु जस्ता टुक्काले दोहोरो अर्थ द्योतन गर्दछन्।

'जोइ छोड्नु' पुरुषप्रधान समाजको सामाजिक अहमलाई देखाउने टुक्का हो। 'धन छोड्नु', 'निवृत्त हुनु', 'परिवार छोड्नु', 'जोइपोइ छुटिनु', 'व्यवहार छोड्नु जस्ता टुक्काको पर्यायवाचीको काम गरेका छन्। वानप्रस्थ आश्रमसम्बद्ध 'मन मार्नु' ध्वन्यार्थप्रधान टुक्का हो। वानप्रस्थ आश्रममा रहने व्यक्तिले मन मार्नु भन्दा पनि राजी खुसीले जान्छन् भन्ने सांस्कारिक मूल्य मान्यता र विश्वास रहेका छन्। 'लोभ छोड्नु' र 'भारी बिसाउनु' जस्ता टुक्काले पनि

कामबाट निवृत्त हुनुलाई नै जनाउँछन् । 'यज्ञ गर्नु', 'शान्त हुनु', 'साधु हुनु' जस्ता टुक्काहरू सोझो अर्थमा पनि वानप्रस्थ संस्कारसंम्बद्ध छन् भन्ने बुझिन्छन् भने 'वन खोज्नु', 'वन रोज्नु' जस्ता टुक्काले केही ध्वन्यार्थसहित संस्कृतिको प्रतिनिधित्व गर्दछन् । 'हवन गर्नु', 'हव्यकव्य गर्नु' जस्ता टुक्काहरू वानप्रस्थीको जीवनको कर्तव्यलाई सम्झाउने टुक्काहरू हुन् । यस अर्थमा नेपाली लोकसमाजमा वानप्रस्थ आश्रमसम्बन्धी पनि प्रशस्तै टुक्काहरू पाइन्छन् । मानव जीवनका वृद्धवयमा सम्पन्न हुने संस्कारमध्ये संन्यास संस्कार प्रमुख संस्कार हो । यस संस्कारले सांसारिक भोग, रस, रङ, लोभ, मोह आदिका भावनाहरूको र सर्वस्व त्याग गरेर, पूर्ण वैरागी बनेर, परोपकारका लागि हिँड्ने दीक्षा लिनु तथा ब्रह्ममा लीन भएर मोक्ष प्राप्तिका लागि प्रयत्न गर्नु हो भन्ने बुझिन्छ । आजको समाजमा परोपकारको काम गर्दै मन, वचन, कर्मले लोककल्याणका क्षेत्रमा लाग्नु, आफ्नो आस्था, सम्प्रदाय वा विश्वासअनुसार परमात्माप्रति समर्पित भएर मोक्षको कामना गर्ने संस्कारका रूपमा सन्यास संस्कार भनिन्छ । यस संस्कारलाई जीवनलाई कीर्तिमय बनाउने संसकारका रूपमा चिनाउन सकिन्छ । सामाजिक जीवनका सम्पूर्ण सम्बन्ध भन्दा पर रहेर ध्यान तप आदिमा रहेर जीवनलाई एक सिद्धात्मा सम्पन्न बनाउनु नै संन्यासी बन्नु वा सन्यास ग्रहण गर्नु हो ।

सन्यास संस्कारलाई प्राचीन हिन्दू परम्पराका ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास जस्ता चार आश्रमहरूमध्ये एक र अन्तिम आश्रमका रूपमा पनि चिनाउन सकिन्छ । यसमा संसारिक विषय भोगबाट मुक्त भएर वा वैरागी भएर निष्काम अवस्थामा रहने आश्रमका रूपमा चिनाउने गरेको पाइन्छ । यसलाई योगधर्म, वैराग्यका साथै आफ्ना इच्छाले कुनै कुरा छाड्ने, त्याग्ने, कुनै विषयबाट बेग्लै रहने काम वा परित्यागका रूपमा पनि चिनाउन सकिन्छ (त्रिपाठी र दाहाल, २०४०, पृ. १२९९-१३००) । यो जीवनका जिम्मेवारीको निवृत्तिको पनि निवृत्ति हो । दयानन्द सरस्वतीले तीन किसिमका सन्यासको चर्चा गरेका छन् । उनका अनुसार पहिलो किसिमको सन्यास क्रमशः ब्रह्मचार्य, गृहस्थ र वनप्रस्थ आश्रमपछि हुन्छ । दोस्रो परिस्थितिले ल्याउने वैराग्यबाट पनि हुन्छ र तेस्रो ब्रह्मचार्य आश्रमको निरन्तरताका रूपमा हुन्छ (सरस्वती, सन् २०२१, पृ. १९२-१९३) यसरी निवृत्ति लिने व्यक्तिहरू कम हुँदै गए पनि यस संस्कारसंम्बद्ध टुक्काहरू नेपाली लोकसाहित्य भण्डारमा प्रशस्त रहेका छन् । जस्तै :

जिम्मेवारी बिसाउनु,
झोली तुम्बा लिनु
घर छोड्नु
टुपी काट्नु
तिलाञ्जलि दिनु
देउता हुनु
धर्म कमाउनु
...शिव बन्नु
सञ्जे भन्नु
सन्त बन्नु
सन्यास लिनु
साधु बन्नु
हठयोग गर्नु आदि ।

उदाहरणमा लिइएका टुक्कामध्ये कतिपयले वानप्रस्थ आश्रम र सन्यास आश्रमसंम्बद्ध संस्कृतिलाई दोहोरो अर्थमा प्रकट गर्दछन् । यी टुक्काले सन्यास आश्रमका सबै नियमहरू त बताउँदैनन् तर सन्यासीलाई अलि परबाट नियाल्ने कामसम्म गरेका छन् । 'जिम्मेवारी बिसाउनु', 'तिलाञ्जलि दिनु', 'घर छोड्नु', 'परित्याग गर्नु', 'बाबा बन्नु' जस्ता टुक्काले जीवनका लोभ, मोह, वासना आदिको त्याग गर्नु भन्ने पक्षलाई बुझाउँछन् । यी टुक्काले सन्यासी बन्नु भनेको त्यागी बन्नु हो भन्ने अर्थ द्योतन गरेका छन् ।

उक्त टुक्काहरूमध्ये 'झोली तुम्बा लिनु', 'टुपी काट्नु', 'धर्म कमाउनु', 'वैराग्य लिनु', 'सन्यास लिनु', 'सन्त बन्नु' जस्ता टुक्काले सन्यास आश्रमका विधि, धर्म, विश्वास आदि संस्कृतिलाई बुझाउँछन् । त्यसै गरी व्रत बस्नु, व्रत लिनु, 'सञ्जे भन्नु' आदि टुक्काले सन्यास विधि र संस्कृतिलाई नै बुझाउँछन् । यी टुक्काका व्यञ्जनार्थमा अन्य अर्थ द्योतन हुने भए पनि मूलतः सन्यास संस्कृतिलाई बुझाउँछन् ।

उदाहरणमा लिएकामध्ये 'देउता हुनु', 'बुद्ध बन्नु', शिव बन्नु', 'अलख जगाउनु', 'हठयोग गर्नु' जस्ता टुक्काले ईश्वरीय, अदृश्य, असामान्य, अप्रत्यक्ष शक्ति प्राप्त गर्नु वा प्राप्तिका लागि हठ गर्नु भन्ने बुझाउँछन् । हठयोग योगीहरूले गर्ने कठिन योगसाधना हो । यसमा शरीरलाई धेरै कष्ट दिएर आशन, मुद्रा आदिद्वारा चित्तवृत्तिलाई बाह्य प्रपञ्चबाट हटाई अन्तरमुखी बन्ने एक विधिका रूपमा लिइन्छ । यो विधि सन्यासीहरूले मात्र गर्न सक्तछन् । यसै गरी 'योगी

बन्नु', सन्त मार्ग', 'सन्यास मार्ग', 'साधु मार्ग', 'शून्य मार्ग', 'दिव्य मार्ग', वैराग्य मार्ग' जस्ता टुक्काले पनि सन्यास संस्कृतिलाई नै प्रत्यक्ष वा परोक्ष रूपमा प्रकट गरेको देखिन्छ। यसरी हेर्दा सनातनी परम्पराअनुसार ग्रहण गरिने सन्यासको प्रभाव पनि नेपाली लोक समाजमा रहेको र यससम्बन्धी अनेक टुक्काहरू निर्माण भएको देखिन्छ। यी टुक्काहरू नेपाली समाजमा सन्यास संस्कृतिलाई जीवन्त राख्न रचना भएका देखिन्छन्।

**कीर्तिशेष संस्कारसंम्बद्ध टुक्काहरू**

व्यक्तिका जीवनमा त विभिन्न संस्कार हुन्छन् नै तिनका साथै जन्मपूर्वका संस्कार र मृत्युपर्यन्त गरिने संस्कार पनि हुन्छन्। त्यस्ता संस्कारमध्ये सोह्र संस्कारमा समेटिएको मृत्युसम्बद्ध अन्त्येष्टि संस्कारलाई मृत्युपर्यन्तको संस्कार मानिएको छ। कतिपय चिन्तकहरूले मृतकका नाममा गरिने श्राद्धकर्मलाई पनि मृत्युपर्यन्तका संस्कारका रूपमा स्वीकारेका छन् तर श्राद्ध कर्मादि संस्कार नभएर कर्तव्य हुन् भन्ने मत पनि पाइन्छ।

व्यक्तिको मृत्यु भएपछि सबैभन्दा पहिला पार्थिव शरीरलाई शुद्ध जलबाट स्नान गराउने, शरीरमा चन्दनलगायत पवित्र मानिएका सुगन्धहरूको लेपन गर्ने, मुखमा पञ्चरत्न राखिदिने, गङ्गाजल र तुलसीपानी राखिदिने, शुद्ध सेतो वस्त्र लगाइदिएर सोलामा चढाउने, पत्नी भए पतिले सिँदुर लगाइदिने र पत्नी भए पतिले दिएका सिँदुर पोते फिर्ता दिने, दागवत्ती दिने व्यक्तिले पिण्डदान गर्ने र परिवारका सदस्यको अगुवाइमा अर्थिलाई काँधमा बोकेर श्मसानघाटतिर लाने गरेको पाइन्छ। पिण्ड दान गर्ने कार्य बाटोमा पर्ने खास खास तीर्थस्थल र घाटमा पनि गरिन्छ। शमसान पुगेपछि विधिपूर्वक तयार पारिएको चितामा अर्थिलाई राखि त्यसमाथि काठ आदि राखिन्छ। विधिपूर्वक अर्थिका छातीमा एकमानो चामल र अन्य सामग्री राखेर विधिपूर्वक चिताको जल परिक्रमा र स्मृति एवं श्रद्धा परिक्रमा गरी दागवत्ती दिन्छन्। चिता आधा जलिसकेपछि कपाल काटेर कपालक्रिया सम्पन्न गर्ने, त्यसै घाटमा नुहाएर सुद्ध भई पाँच पटक तिलाञ्जलि दिएर चिता पखालिन्छ। त्यसपछि घरमा आई एक दिन क्षेत्रवास बसेर अर्को दिन नुनविहीन खाना पकाएर पहिला पितृलाई चढाएर बल्ल एक छाक सात्विक भोजन गर्ने र अन्य क्रिया अगाडि बढाउने चलन देखिन्छ। त्यसपछिका काजक्रियाहरू मृत्युसंस्कारका कर्मकाण्डअनुसार हुन्छन्।

मृत्युसंस्कारसंम्बद्ध टुक्काहरू अनेक छन्। मृत्यु जन्म जस्तै अनिवार्य घटना हो। व्यक्तिले मृत्युको रहर, इच्छा वा निषेध गर्न सक्तैन। व्रतबन्ध, समावर्तन, विवाह, वानप्रस्थ, सन्यास आदिमा व्यक्तिको पनि प्रत्यक्ष संलग्नता रहन्छ तर मृत शरीरलाई दाहकर्म आफन्त र समाज मिलेर अन्यले गर्दछन्। जीवनलाई भौतिक रूपमा हेर्दा मृत्यु संस्कार नै व्यक्तिका जीवनको अन्तिम संस्कार हो र यसपछि कुनै विधि गर्नु पर्दैन भन्ने मत रहेको छ । पछिल्ला श्राद्ध र स्मृति पद्धतिहरू वंशका कर्तव्य र आत्मशान्तिका कर्म हुन् भन्ने भनाइ छ। नेपाली लोकसाहित्य भण्डारमा मृत्युसंस्कारसँग सम्बन्धित टुक्काहरू प्रशस्तै भेटिन्छन्। यहाँ मर्नुसँग सम्बन्धित नभई संस्कारसँग सम्बन्धित टुक्काको मात्र अन्वेषण गरिएको छ। केहि उदाहरण यस प्रकार छन् :

अपसय गर्नु
अलिनो खानु
आशौच पर्नु
अशौच बार्नु
आगो लगाउनु
उपवास बस्नु
...कात्रो ओढाउनु
कात्रो किन्नु
कात्रो बेर्नु
कोरो बार्नु
कोरामा बस्नु
कोरामा पस्नु
....खोचा भर्नु
गरुड भन्नु
गरुड सुन्नु
गहुँत खानु
गहुँत छर्कनु
गोदान गर्नु
चिता चढ्नु

चिता चढाउनु...
चिहान खन्नु
छोपो गुथ्नु
छोपो लाउनु
जुँगा खौरनु
जुँगा काट्नु
जुठो पर्नु
...ढिकुरो उठाउनु
ढिकुरो फुटाउनु
पितृऋण तिर्नु
प्रदक्षिणा गर्नु
बरखी बार्नु
बाहुन बोलाउनु
बाहुन खुवाउनु
भारा पर्नु
मलाम जानु
मलामी गन्नु
.....
यमदान गर्नु
नारायणबली गर्नु
लाभा छर्नु
श्रद्धाञ्जली दिनु
समवेदना दिनु
....हरियो बाँसको डोली
हरियो बाँसको डोली बनाउनु आदि ।

मृत्यु संस्कार संम्बद्ध उक्त टुक्काहरूलाई हेर्दा यिनले नेपाली समाजमा प्रचलित सनातनी मृत्यु संस्कारसापेक्ष संस्कृतिलाई जनाएको देखिन्छ । 'अपसभ्य गर्नु', 'अलिनो खानु', 'अशौच पर्नु' 'अशौच बार्नु', 'उपवास बस्नु', जस्ता टुक्काहरूले मृत्यु संस्कारसँग सम्बन्धित प्रक्रियालाई बताउँछन् । 'अपसभ्य गर्नु' जनैलाई देप्रेतिरबाट लगाउनु हो । नुन नखाने, जुठो बार्ने, व्रत वस्ने प्रक्रियालाई यी टुक्काले देखाएका छन् । अर्थिको दाहसंस्कारसँग सम्बन्धित 'आगो लगाउनु', 'एकोहोरो शङ्ख फुक्नु', 'एकोहोरो शङ्ख बजाउनु' जस्ता टुक्काले व्यक्तिका अन्त्यष्ठिका वेला शङ्ख बजाउने संस्कृतिलाई देखाएका छन् । 'कपाल काट्नु', 'कपाल खौरनु', 'कपाली गर्नु', 'जुँगा खौरनु', 'जुँगा काट्नु' जस्ता टुक्काले ध्वन्यार्थमा अन्य अर्थ बहन गर्ने भए पनि मूलतः अन्त्येष्टि संस्कारसँग सम्बन्धित दागवत्ती दिने सन्ततिले गर्ने कर्म संस्कृतिलाई नै देखाउँछन् । 'काँधीकाठ गर्नु', 'काँध हाल्नु', 'लास उठाउनु', 'लास बोक्नु' जस्ता टुक्काले अन्य ध्वन्यार्थ प्रकट गर्ने भए पनि मूलतः मृत्युसंस्कारसंम्बद्ध संस्कृतिलाई नै प्रकट गर्दछन् । 'काट्टो दान गर्नु', 'काट्टो खुवाउनु' जस्ता टुक्का मृत्यु संस्कारका क्रममा मरेका एघारौं दिनमा मृतकका उद्देश्यले खुवाइने भोजन वा दान गरिने वस्तु भन्ने अर्थ द्योतन गर्दछन् । यिनका केही नकारात्मक अर्थ समाजमा रहे पनि यिनको संस्कारगत संसकृति नेपाली समाजमा जीवन्त छ । 'कात्रो ओढाउनु', 'कात्रो किन्नु', 'कात्रो बेर्नु' जस्ता टुक्काले मृत शरीरलाई ढाक्ने वा बेर्ने सेतो कपडा लगाइदिने संस्कृतिलाई नै बुझाउँछन् । 'कोरो बार्नु', 'कोरामा बस्नु', 'कोरामा पस्नु' जस्ता टुक्काले कोरा धागाले बेरेर क्रियापुत्री बस्न बनाइएको ठाउँलाई नै बुझाउँछन् र त्यस ठाउँलाई बनाउनु र त्यहाँ भित्र पसेर बस्नु भन्ने अर्थ द्योतन गर्दछन् । त्यसै गरी 'क्रिया गर्नु', 'क्रियापुत्री बन्नु', 'क्रिया बस्नु' जस्ता टुक्काले कीर्तिशेष व्यक्तिको काजक्रिया गर्ने कार्य गर्नु र त्यस कार्यको कर्ता बन्नु भन्ने सांस्कृतिक पक्षलाई देखाउँछन् । 'क्रियापुत्री रुङ्नु' टुक्काको अर्थ दुःख बारेर काजक्रिया गरेर बस्ने व्यक्तिहरू डराउलान्, अप्ठ्यारामा पर्लान् भनेर उनीहरूलाई साथ दिन छेउमा बस्नु भन्ने अर्थ द्योतन गर्दछ । मृत्यु संस्कारसापेक्ष 'क्षेत्रवास बस्नु' टुक्काले क्षेत्रोपवास वा क्रियापुत्रीले कोराभित्र पसेको पहिलो दिन अहोरात्र गर्ने उपवास संस्कृतिलाई देखाउँछ । यसलाई लोक समाजमा छेत्रबास पनि भनिन्छ । 'खोचा भर्नु' टुक्काले एकसरो गाँसिएका दुनामा मृतकका नाममा पानी दिनु भन्ने अर्थ द्योतन गर्दछ । 'गरुड भन्नु', 'गरुड सुन्नु', 'गरुड सुनाउनु' जस्ता टुक्काले

नरकको बयान, प्रेतकर्मको विधान आदिको वर्णन गरिएको अठार पुराणमध्ये एक तर व्यक्ति बितेका निश्चित दिनदेखि निश्चित दिनसम्म क्रियापुत्रीलाई मात्र सुनाइने पुराणका रूपमा चिनाइने पुराण सुन्ने र सुनाउने संस्कृतिलाई जनाउँछन् । 'गहुँत खानु', 'गहुँत छर्कनु', 'गहुँत फुक्नु' जस्ता टुक्काले अशौच बारेर त्यहाँबाट मुक्त हुन गरिने शुद्ध शान्तिका प्रक्रियालाई देखाउँछन् । 'गोदान गर्नु' टुक्काले सुद्ध शान्तिका लागि गाईको दान गर्ने संस्कारलाई जनाउँछ । 'चिता चढ्नु', 'चिता चढाउनु', 'चिता पखाल्नु', 'चिता बनाउनु', 'चितामै छोड्नु', 'चितामै छुट्नु' जस्ता चितासम्बन्धी टुक्काले मृत शरीरलाई पोल्न बनाइएको तीन खाप दाउराको टाँड वा मुर्दा पोल्न बनाइएको चौका बनाउने, त्यसमा चढाउने र अग्नि संस्कारको काम सकेर भुइँ पखालपुखुल पार्ने कामलाई जनाउँछ । 'चिहान खन्नु', 'चिहान पुर्नु' जस्ता टुक्काले मृत शरीरलाई गाढ्ने संस्कृति भएका समाजका गाढ्ने ठाउँ बनाउने प्रक्रिया र लासलाई भूमिमा अन्त्यष्टि गर्ने संस्कृतिलाई देखाउँछन् ।

मृत्यु संस्कारसम्बन्धी 'छोपो गुथ्नु', 'छोपो लाउनु', 'टोपी झिक्नु', 'टोपी फुकाल्नु' जस्ता टुक्काले क्रियापुत्रीले टोपी फुकालेर शिरमा बाँध्ने सेतो टालो बाँध्ने सांस्कृतिक अर्थ दिन्छन् । 'जुठो पर्नु', 'जुठो बार्नु' जस्ता टुक्काले क्रियापुत्री र जुठो पर्ने जति व्यक्तिलाई परेको दुःख र कर्तव्य निर्वाह गर्ने संस्कृतिलाई देखाउँछन् । 'तर्पण दिनु', 'तिलाञ्जली दिनु' जस्ता टुक्काले मृतकका नाममा तिलजौ कुस रहेको पानी दिने भन्ने अर्थ द्योतन गर्दछन् । 'दागवत्ती दिनु' टुक्काले मृतकका उत्तराधिकारीले चितामा चढेका बेला मुखमा आगो लगाउने संस्कृतिलाई देखाउँछ । 'पिण्ड दिनु', पिण्ड बनाउनु जस्ता टुक्काले मृतकका नाममा खिर पकाएर बनाइएको वस्तु बनाउने र चढाउने भन्ने प्रक्रियालाई देखाउँछन् । मृत्यु संस्कारका दृष्टिले हेर्दा 'ढिकुरो उठाउनु', 'ढिकुरो फुटाउनु', 'ढिकुरो बनाउनु' जस्ता टुक्काले काजक्रियाका निम्ति दश दिनसम्म पिण्ड दिने वेदी बनाउने र पिण्ड दिने प्रक्रियाका साथै त्यसलाई नष्ट गर्ने प्रक्रियासमेतलाई बुझाउँछन् । 'पितृऋण तिर्नु' टुक्काले पितृकार्य गरी उऋण हुनु भन्ने अर्थ द्योतन गर्दछ । 'प्रदक्षिणा गर्नु' टुक्काले अन्य अर्थ पनि बहन नगर्ने होइन तर मृत्यु संस्कारका दृष्टिले लासलाई चितामा चढाएपछि गरिने प्रदक्षिणालाई सङ्केत गर्दछ । 'बरखी बार्नु' टुक्काले आफ्ना अभिभावकको निधन भएमा वर्ष दिनसम्म पालन गर्नु पर्ने नियमलाई पालना गर्नु भन्ने अर्थ प्रकट गर्दछ ।

मृत्यु संस्कारमा मलामी जानु महत्त्वपूर्ण कार्य मानिन्छ । 'मलाम जानु', 'मलामी गन्नु', 'मलामी बन्नु', 'मलामी खाजा' जस्ता टुक्काले मलाम जाने प्रक्रियासँग सम्बन्धित छन् । यी टुक्काले व्यक्तिका मृत्युमा मलाम जाने, मलामीको महत्त्व, मलाम नजानेले खाजा पुऱ्याउने ग्रामीण संस्कृतिलाई देखाउँछ । अनेकार्थी शब्दलाई टुक्का मान्न नसकिने मत पनि रहेको छ र त्यसो भयो भने अनेक टुक्का बन्ने पनि मानिन्छ (दाहाल, २०६१, पृ. ५) । यस दृष्टिले सबै शब्दसमूह टुक्का नहुन पनि सक्छन् 'मातृऋण तिर्नु' टुक्काले आमाको काजक्रिया र आमाप्रतिका कर्तव्य निर्वाहको पक्षबाट उऋण हुने अर्थ प्रकट गर्दछ । 'यमदान गर्नु' टुक्काले मृत्युका देव यमराजलाई दान भन्ने अर्थ द्योतन गर्दछ । 'नारायणबली गर्नु' टुक्काले अपमृत्यु, अकालमृत्यु आदिका कारण अगति परेका वा लामो समयसम्म वेपत्ता भएका अवस्थामा मृत मानिएका व्यक्तिको प्रेतकर्म गर्दा ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र र यमको पूजासहित मृतकको प्रायश्चित्त गरिने कार्यलाई बुझाउँछ । मृत्यु संस्कारसँग सम्बन्धित 'श्रद्धाञ्जलि दिनु', 'समवेदना दिनु', 'श्रद्धासुमन अर्पण गर्नु' जस्ता टुक्काहरू लोकसमाजमा प्रचलित छन् । यी मृत्युसंस्कारसँग सम्बन्धित औपचारिक संस्कृतिलाई सङ्केत गर्ने टुक्का हुन् । 'सिँदुर पुछिनु', 'सिँदुर पुछ्नु' जस्ता टुक्काले पतिका निधनमा पत्नीले सिँदुर पोते त्याग्ने संस्कृतिलाई देखाउँछ । 'सोला चढाउनु' ले मृत शरीरलाई चढाउन चयार पारिएको चितामा चढाउने कार्यलाई बुझाउँछ । 'हरियो बाँस ढाल्नु', 'हरियो बाँसको डोली', 'हरियो बाँसको डोली बनाउनु', ' सोला चढ्नु' जस्ता टुक्काले मृत्यु संस्कारसँग सम्बन्धित बाँसको डोली (सोला, घारो) बनाउन बाँस ढाल्नेदेखि सोला चढाउने प्रक्रियासम्मका संस्कारसापेक्ष संस्कृतिलाई देखाउँछन् ।

यसरी हेर्दा मृत्युसंस्कारसम्बद्ध अनेक टुक्काहरू नेपाली लोकसाहित्यका भण्डारमा सुरक्षित रहेका छन् । यी टुक्काले वैदिक, पौराणिक, प्राचीन नवीन संस्कृतिलाई लोकसमाजमा जीवित राखेको देखिन्छ ।

**निष्कर्ष**

नेपाली लोकसमाजमा वैदिक कालदेखि नै मानिसले आफूलाई संस्कारी बनाउन जन्मनुपूर्व, जन्मकाल, शैशवकाल, बाल्यकाल, किशोरकाल, युवाकाल, प्रौढकाल, वृद्धकाल र मृत्युसमेत विभिन्न कालमा सम्पन्न गरिने खासखास संस्कारहरू विकास गर्दै आएको छ । व्यक्तिका जन्मपूर्वका संस्कारमा गर्भाधान, पुंसवन र सीमन्तोन्नयन गरी तीन वटा संस्कार पर्दछन् । यी संस्कारहरूमध्ये गर्भाधानसँग सम्बन्धित टुक्काहरू बढी रहेको र अन्य संस्कारसापेक्ष टुक्का कमै मात्र रहेको पाइन्छ । शैशवकालीन संस्कारहरूमध्ये छैटी र अन्नप्रासन बढी लोकस्वीकृत देखिन्छन् र यी संस्कारसम्बन्धी टुक्काहरू प्रशस्त भेटिन्छन् । बाल्यकालीन संस्कारमध्ये यज्ञोपवित संस्कार सबैभन्दा महत्त्वपूर्ण देखिन्छ । वैदिक परम्पराअनुसार र लोकपरम्पराअनुसार पनि गर्भदेखि लिएर न्युनतम आठौँ वर्षमा उपनयन संस्कार गर्ने विधि विधान रहेअनुरूपका

टुक्काहरू सिर्जना भएको देखिन्छ । किशोर एवम् युवावयी संस्कारमा समावर्तन संस्कार उल्लेख्य छ । यस संस्कारलाई आजका विश्वविद्यालयीय भाषामा 'दीक्षान्त समारोह' जस्तै संस्कारका रूपमा लिइएको छ । ब्रह्मचार्य आश्रममा रहेर पढ्ने र गृहस्थाश्रम धारण गर्ने उद्देश्यले विद्यालय वा गुरुआश्रम छोडेर घर आउनुलाई समावर्तन भनिएअनुरूप त्यस्तै खालका टुक्काहरू पाइन्छन् । युवाकालीन संस्कारमध्ये वैदिक, पौराणिक समाजका साथै लोकसमाजले पनि निकै महत्वका साथ मानिआएको संस्कार विवाह संस्कार हो । यो संस्कार गृहस्थाश्रममा प्रवेश गर्ने प्रमुख संस्कार मानिन्छ र यससम्बन्धी अनेक टुक्काहरू रहेका छन् । त्यस्तै प्रौढ एवम् वृद्धकालीन संस्कारमा वानप्रस्थ संस्कार र सन्यास संस्कार प्रधान छन् र यी दुवै संस्कारसँग मिल्दाजुल्दा टुक्काहरू प्रशस्त मात्रामा नभए पनि उल्लेख्य पाइन्छन् । गृहस्थ आश्रमका कर्तव्यहरू पूरा गरेपछिको आश्रमका रूपमा वानप्रस्थ आश्रममा जानु पर्ने चिन्तन रहेको छ र सोही चिन्तनअनुसारको लोकविश्वास र टुक्काहरू निर्मित देखिन्छन् । मृत्यु संस्कार व्यक्तिले थाहा नपाइ उत्तराधिकारी वा निकट आफन्तबाट सम्पन्न गरिने संस्कार हुँदा यहाँ कीर्तिशेष संस्कारका रूपमा चित्रण गरिएको छ । लोकसमाजमा हिजोदेखि आजसम्म मृत्युसंस्कारलाई महत्वसाथ हेरिन्छ र यस संस्कारसंम्बद्ध अनेक टुक्काहरू नेपाली लोकसाहित्यका भण्डारमा सुरक्षित रहेका छन् । यी टुक्काले वैदिक, पौराणिक, प्राचीनसंस्कृतिलाई केही नवीन लेपसहित लोकसमाजमा जीवित राखेको देखिन्छ । यसरी हेर्दा नेपाली लोकसाहित्यको लघु एवम् लघुतम विधा टुक्काका भण्डारमा अनेक संस्कारसापेक्ष टुक्का छन् र तीमध्ये गर्भाधान, नामकरण, व्रतबन्ध, विवाह र मृत्युसंस्कार सापेक्ष टुक्काहरू प्रशस्त रहेका छन् । यी टुक्काले भाषिक, व्याकरणिक र लोकसाहित्यिक धर्म निर्वाह गर्नुका साथै सांस्कृतिक धर्म पनि निर्वाह गरेका छन् ।

**सन्दर्भ सामग्री**


*अश्वलायन, द स्मृति सन्दर्भ 'अश्वलायन स्मृति' (भाग तीन).* द महर्सिज (सम्पा.). दिल्ली : एएनजी पब्लिसर्स. ।

आचार्य, श्रीराम शर्मा (सन् १९८९). *ऋग्वेद* (भाग १). बरेली : संस्कृति संस्थान ।

खड्का, हीराबहादुर (२०६१) *नेपाली उखान टुक्का* (तेस्रो संस्क.). काठमाडौँ : गणेशकुमार श्रेष्ठ ।

गोभिल (सन् १९०६). *गोभिलगृह्यसूत्रम्.* मधुरापुर : मधुरापुरस्थ शास्त्रप्रकाशन कार्यालय ।

घिमिरे, ध्रुवकुमार (२०७०). *नेपाली टुक्काको अर्थगत विश्लेषण.* काठमाडौँ : वि रिड ।

घिमिरे, ध्रुवकुमार (२०७०). *नेपाली टुक्काको संरचनात्मक विश्लेषण.* काठमाडौँ : वि रिड ।

घिमिरे, घिमिरे, ध्रुवकुमार (२०७०). नेपाली भाषाका टुक्काको सैद्धान्तिक विमर्श. काठमाडौँ : वि रिड ।

ज.ब.रा, पुष्करशममशेर (१९९३). *अङ्ग्रेजी नेपाली कोष.* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

ज.ब.रा., पुष्करशममशेर (१९९८). *नेपाली उखान र टुक्काको वर्णानुसारी सूची र वाक्यांश, वाक्पद्धति इत्यादिको कोश* (खण्ड २). काठमाडौँ : लेखक स्वयम् ।

त्रिपाठी, वासुदेव र दाहाल बल्लभमणि (२०८०). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

त्रिपाठी, विक्रममणि (२०७८). 'नेपालको अवध क्षेत्रका सामाजिक संस्कार र परिवर्तन' (पृ.१४१-१५५). *नेपालका जातीय सामाजिक संस्कार* (भाग ७). प्रेमकुमार खत्री (सम्पा.) काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

दाहाल, कैलाश (२०७०). *सम्पूर्ण बृहत् कर्मकाण्ड पद्धति.* खोटाङ : सीता दाहाल, दृशान दाहाल र प्रतीका दाहाल ।

दाहाल, वल्लभमणि (२०६१).'नेपाली टुक्का एक दृष्टि' (पृ. १-१५). *नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण.* शिवप्रसाद पौड्याल (ले.).नवलपरासी : श्रीमती सुशिला पौड्याल ।

पुष्करशमशेर (२०५०) *नेपाली उखान-टुक्काको कोश* (तेस्रो संस्क.) .ललितपुर : साझा प्रकाशन ।

पौड्याल, शिवप्रसाद (२०६१). *नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण.* नवलपरासी : श्रीमती सुशिला पौड्याल ।

प्रभात, विष्णु (२०७४). *प्रज्ञा संस्कृति कोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* काठमाडौँ : एकता प्रकाशन ।

मनु (२०६६). *मनुस्मृति.* लक्ष्मीप्रसाद निरौला (टीका/अनु.). वाराणसी : सिग्देल प्रकाशन ।

रोहतगी, सरोजनी (सन् १९७१). *अवधी का लोकसाहित्य.* दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल, तिलकप्रसाद (२०७७). *ऋग्वेद.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, तिलकप्रसाद (२०७७). *यजुर्वेद.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, तिलकप्रसाद (२०७७). *सामवेद.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *लोकवार्ताविज्ञान.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

सरस्वती, दयानन्द (सन्.२०२१). *संस्कारविधि.* https://archive.org/details/sanskarvidhi.

सौनक (सन् १९३८). *चरणव्यूहसूत्रम्.* वनारस : चौखम्बा संस्कृत सिरिज ।